# AMITAVA अमिताभ

Vol-2, 2020, Annual Mukhpatra

अङ्क-२, २०७६, वार्षिक मुखपत्र




## KAPILVASTU MULTIPLE CAMPUS


Taulihawa, Kapilvastu

Tel : 076-560181

Web site : www.kmctlw.edu.np / E-mail : kmckpl@gmail.com

# AMITAVA अमिताभ

Vol-2, 2020, Annual Mukhpatra
अङ्क–२, २०७६, वार्षिक मुखपत्र

**प्रमुख संरक्षक**
रामदास गुप्त
क्याम्पस संचालक समिति अध्यक्ष

**संरक्षक**
डा. विनय पाण्डेय
क्याम्पस प्रमुख

**प्रधान सम्पादक/संयोजक**
भक्तिराम पन्थी

**सह–संयोजकहरु**
गिरी प्रसाद पोखेल
यम प्रसाद पन्थी
रमेश घिमिरे

**सदस्यहरु**
विष्णु बहादुर सिंह रायमाझी
जीवनाथ मरासिनी
रजनीश कुमार पाण्डेय
टिकाराम ज्ञवाली
त्रिभुवन कुर्मी
नरेश खनाल

**KAPILVASTU MULTIPLE CAMPUS**
Taulihawa, Kapilvastu
**Tel : 076-560181**
*Web site : www.kmctlw.edu.np / E-mail : kmckpl@gmail.com*

**यसमा प्रकाशित लेखहरु प्रतिको उत्तरदायित्व लेखकहरुमा नै रहनेछ ।**

**प्रकाशक**
कपिलवस्तु बहुमुखी क्याम्पस
तौलिहवा, कपिलवस्तु

**प्रकाशन मिति**
पहिलो अङ्क २०५०
दोस्रो अङ्क २०७६

**प्राविधिक सहयोग**
१) जानका शर्मा
२) अजय चौबे

**कम्प्यूटर सेटिङ्ग, मुद्रण**
सिनेमा सतरंग
तौलिहवा, कपिलवस्तु
फोन : ०७६-५६०३२३


स्व. गंगा प्रसाद सिंह
श्री कृष्ण बहादुर महरा


यस कपिलवस्तु बहुमुखी क्याम्पसका संस्थापक
माननीय स्व. भगवानदास गुप्त
सालिक अनावरण सम्माननीय सभामुख
श्री कृष्ण बहादुर महरा
(संघीय संसद, प्रतिनिधि सभा) को करकमलबाट





ई. बृजेश कुमार गुप्त
पूर्व मन्त्री
तथा
सदस्य, प्रतिनिधि सभा
संघीय संसद
कपिलवस्तु, ५ नं. प्रदेश, नेपाल

Er. Brijesh Kumar Gupta
Ex. Minister
and
Member, House of Representative
Federal Parliament
Kapilvastu, Province No. 5, Nepal

# शुभकामना मन्तव्य ।

यस ऐतिहासिक बुद्धनगरी कपिलवस्तुको तिलौराकोटको काखमा अवस्थित यस क्षेत्रको अग्रणी शैक्षिक संस्था कपिलवस्तु बहुमुखी क्याम्पसले यस क्षेत्रमा मात्र नभई पश्चिम क्षेत्रको शैक्षिक विकासमा पुऱ्याएको योगदान अत्यन्त महत्वपूर्ण रहेको छ ।

अगामी दिनमा यस संस्थाले समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गरी दक्ष एवम् सुसंस्कृत जनशक्ति उत्पादनमा सधै अग्र पङ्तिमा रहने कुरामा पूर्ण विश्वास लिएको छु । यस क्याम्पसको शैक्षिक उन्नयनमा मेरो सधै साथ र सहयोग रहने प्रतिबद्धताका साथ यस क्याम्पसमा यस्ता रचनात्मक कार्यलाई निरन्तररुपमा आगाडी बढाउने अपेक्षा साथ क्याम्पसको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

**मा. श्री बृजेश कुमार गुप्त**
पूर्व मन्त्री
संघीय संसद प्रतिनिधी सभा सदस्य

: 9851062633
Email: brijeshg906@gmail.com

मा. दृग नारायण पाण्डेय
सभापति (सामाजिक विकास समिति)
प्रदेश सभा सदस्य (विधायक)
५ नं. प्रदेश
क्षेत्र नं. २ (१) कपिलवस्तु

Honourable Drig Narayan Pandey
Chairman (Social Development Committee)
Member of Constituent Assembly
5 No. Province
Constituency No. 2 (1) Kapilvastu

# शुभकामना मन्तव्य ।

भगवान गौतमबुद्धको क्रीडा स्थलको रुपमा रहेको ऐतिहासिक पावन भूमि तिलौराकोटको समीपमा अवस्थित शिक्षाको मन्दिर कपिलवस्तु बहुमुखी क्याम्पसको 'अमिताभ' मुखपत्र प्रकाशन हुन लागेको यस घडीमा म अत्यन्तै गौरवान्वित भएको छु। यस प्रकारको रचनात्मक प्रकाशनले विद्यार्थी प्राध्यापक लगायत शिक्षासँग सरोकार राख्ने जुनसुकै मानिसको लागि पनि सिर्जनात्मक शक्तिको विकास गराउने कुरामा कसैको दुई मत नहोला। तराईको दक्षिण क्षेत्रमा शिक्षाको ज्योति र ज्ञानको भण्डारमा अभिवृद्धि गराउने कार्यमा यस कपिलवस्तु बहुमुखी क्याम्पसको महत्वपूर्ण योगदान रहेको छ। भविष्यमा पनि यस क्याम्पसले अझै दिगो रुपमा शैक्षिक मार्गदर्शन गर्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछु।

**मा. दीर्घनारायण पाण्डेय**
माननीय
प्रदेश सभा सदस्य प्रदेश नं. ५

Phone: +977-9847042567, 9821909491

# प्रदेश सभा सदस्य

निर्वाचन क्षेत्र नं. २ (२) कपिलवस्तु

प्रदेश नं. ५

मा. धर्म बहादुर लाल श्रीवास्तव

Mr. Dharm Bahadur Lal Shrivastav


## शुभकामना मन्तव्य ।

कपिलवस्तु जिल्लाको तौलिहवामा अवस्थित कपिलवस्तु बहुमुखी क्याम्पसले 'अमिताभ' मुखपत्र प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

यस क्याम्पसले प्रकाशन गर्ने यस्ता कार्यले विद्यार्थी, प्राध्यापक, कर्मचारी, अभिभावक तथा यस क्षेत्रका नागरिकहरुमा आफू, समाज तथा राष्ट्रप्रति जिम्मेवारी बोध गर्न सक्ने थप सन्देश प्रवाह गर्न सकोस् भन्दै पूर्ण सफलताको कामना सहित क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।


**मा. श्री धर्म बहादुर लाल श्रीवास्तव**

माननीय

प्रदेश सभा सदस्य प्रदेश नं. ५

रुन्धावती शर्मा
सदस्य
प्रदेश सभा
प्रदेश नं. ५

Rundhawati Sharma
Member of
Provincial Assembley
Province No.-5

# शुभकामना मन्तव्य ।

ऐतिहासिक बुद्धनगरी कपिलवस्तुको समीपमा अवस्थित यस कपिलवस्तु बहुमुखी क्याम्पसले "अमिताभ" नामको बार्षिक मुखपत्र प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुसी लागेको छ। क्याम्पसले आगामी दिनमा यसको प्रकाशनलाई निरन्तरता दिदै महत्वपूर्ण अनुशन्धान मूलक लेख, रचनाका साथै क्याम्पसका गतिविधिहरु प्रकाशित गरी २१ औं शताव्दीका चुनौतीहरुलाई सामना गर्न सक्ने सक्षम एवं कुशल जनशक्ति उत्पादन गर्न सफल रहोस् भन्ने शुभकामना दिदै यस क्याम्पसको शैक्षिक उन्नतीमा सदैव मेरो साथ र सहयोग रहने छ भन्ने कुरा अवगत गराउदै क्याम्पसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

रुन्धावती शर्मा

**रुन्धावती शर्मा**
सदस्य
प्रदेश सभा, प्रदेश नं. ५

Phone: 076-560295
+977-9867225095, 9847062915

कपिलवस्तु बहुमुखी क्याम्पस
KAPILVASTU MULTIPLE CAMPUS
[त्रि.वि. बाट स्वीकृति प्राप्त]
Affilated with T.U.
व्यवस्थापन, विज्ञान, शिक्षा एवं मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान
☎: ०७६-५६०१८१, Fax: ५६०३२९
Website: www.kmc-kpl.com
E-mail: kmckpl@gmail.com

# शुभकामना मन्तव्य ।

यस कपिलवस्तु बहुमुखी क्याम्पसले लामो समय पश्चात 'अमिताभ' नामको मुखपत्र प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ । यस क्याम्पसले निरन्तर रुपमा यस्ता अनुसन्धान मुलक कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाओस र यस क्षेत्रको उच्च शैक्षिक संस्थामा आफूलाई अग्रणी संस्थाको रुपमा आफ्नो छवि कायम राख्न सफल होस् भन्ने कामनाका साथ उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गर्दछु ।

**रामदास गुप्त**
अध्यक्ष
क्याम्पस संचालक समिति

# कपिलवस्तु बहुमुखी क्याम्पस
## KAPILVASTU MULTIPLE CAMPUS

[त्रि.वि. बाट स्वीकृति प्राप्त]

Affilated with T.U.

व्यवस्थापन, विज्ञान, शिक्षा एवं मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान

☎: ०७६-५६०१८१, Fax: ५६०३२५
Website: www.kmc-kpl.com
E-mail: kmckpl@gmail.com


## क्याम्पस प्रमुखको कलमबाट...............

मानव समाजको उन्नतिमा त्यस समाजमा रहेको शैक्षिक संस्था र तिनको प्रभावकारिताले प्रत्यक्ष असर पारेको हुन्छ । मानिसका आफ्ना आवश्यकताहरुलाई सहज ढँगबाट व्यवस्थापन गरी एक आपसमा सद्भाव सदाचार सहयोंग आदानप्रदान गरी सम्मानित जीवन बाच्ने कला प्रदान गर्ने काममा संलग्न शैक्षिक धरोहरको भूमिका महत्वपूर्ण हुने गर्दछ ।

समय संगसंगै आएको परिवर्तनलाई आत्मसात गरी सवल सक्षम जनशक्ति उत्पादन गर्न यस्ता क्याम्पसहरुका लागि चुनौती नै हुन् । यसै परिप्रेक्ष्यमा यस क्याम्पसले यस क्षेत्रमा मात्र नभै नेपालको पश्चिमी भागमा हरेक तरहले शैक्षिक जागरण ल्याई सामाजिक उन्नतिमा ठूलो भूमिका निर्वाह गरेको सबैका सामु छर्लङ्ग छ ।

आज हाम्रा सामु ठूलो चुनौति छ । नयाँ–नयाँ प्रविधि, नयाँ बिषय, प्रविधिको विकासले भोलिका दिनहरुमा अव हामी कसरी अगाडि बढ्ने, समाजमा देखिएका नयां सञ्चार, विश्व नै एक गाउँ भएको परिप्रेक्षमा प्रतिस्पर्धा अत्यन्त वढेर गएको छ । यसलाई सम्बोधन गरी आउने १० देखि ५० बर्षमा हामी कहां पुग्ने हो भन्ने कुराको सोच आज नै ल्याउनु जरुरी छ । सो कुरा हामीले वर्तमान समयमा गर्ने कार्यले नै निर्धारण गर्छ भन्ने कुरामा म पूर्ण रुपमा विश्वस्त छु । यसै क्रममा कपिलवस्तु बहुमुखी क्याम्पसबाट धेरै वर्ष पहिला प्रकाशन गर्न थालिएको अमिताभ नामक मुखपत्र लामो समय देखि प्रकाशन हुनु नसकि रहेको अवस्थामा हाल आएर क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुको अथक प्रयासले मुखपत्र पुनः प्रकाशनहुन लागि रहेको कुराले अत्यन्तै हर्षित बनाएको छ । आगामी दिनमा समेत यो कार्यले निरन्तरता पाउने कुरामा म पूर्ण रुपमा विश्वस्त छु । यस कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा संलग्न सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरु तथा लेख तथा रचना उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण प्राध्यापक प्रति हार्दिक आभार व्यक्त गर्दै यस अभिताभ नामक मुखपत्र प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

**डा. विनय पाण्डेय**
क्याम्पस प्रमुख
कपिलवस्तु बहुमुखी क्याम्पस

# सम्पादकीय

शिक्षाको ज्योतिको माध्यमबाट समाजको अग्रगमनका लागि वि.सं. २०३७ साल देखि अविछिन्न रुपमा संचालन गरिएको भगवान गौतम बुद्धको क्रीडा स्थल तिलौराकोटको समीपमा रहेको यस शिक्षाको मन्दिरमा धेरै विद्यार्थीहरुले ज्ञान आर्जन गरी जीवनलाई सुमार्ग तर्फ अगाडि बढाएका छन् भन्दा अतिशयोक्ति नहोला । शिक्षालाई समाजको आवश्यकता र समय सापेक्ष बनाउन हामी सबैको संयुक्त सहभागिता र जिम्मेवारीको आवश्यकता पर्दछ । शिक्षक, अभिभावक र विद्यार्थीको त्रिकोणात्मक सहभागिताबाट नै उचित शैक्षिक व्यवस्थापन गर्न सकिन्छ भन्ने कुरालाई आत्म साथ गरी कपिलवस्तु बहुमुखी क्याम्पसमा विभिन्न क्रियाकलापहरु संचालन गरिएका छन् । यस अमिताभ, मुखपत्रमा प्रकाशित सामग्री तथा सूचना सवैका लागि उपयोगी हुने छन् भन्ने विश्वास लिएका छौं । नेपाली र अंग्रेजी भाषालाई लेखनको माध्यम बनाएर लेख रचनाहरु समावेश गरिएको छ । मुद्रणको क्रममा भएका कमीकमजोरीलाई प्राविधिक त्रुटि सम्झेर सल्लाह र सुझाव दिनु हुनेछ भन्ने अपेक्षा राखेका छौं ।

यस मुखपत्रमा समावेश गरिएका सम्पूर्ण लेख रचनाहरु सर्जकका निजी विचारहरु भएकाले त्यसप्रति सम्पादक मण्डलको जवाफदेहिता रहने छैन । अन्त्यमा मुखपत्र प्रकाशनका लागि आ आफ्ना लेख रचनाहरु उपलब्ध गराईदिनु हुने महानुभावहरुप्रति आभार प्रकट गर्दछौं । मुखपत्र प्रकाशन गर्न हामीहरुलाई हौसला प्रदान गर्नु हुने क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष रामदास गुप्त, क्याम्पस प्रमुख डा. विनय पाण्डेय, प्राध्यापक, कर्मचारी विद्यार्थी र सम्वन्धित सवै प्रति कृतज्ञता प्रकट गर्दछौं । यसै क्रममा कपिलवस्तु बहुमुखी क्याम्पसबाट धेरै वर्ष पहिला प्रकाशन गर्न थालिएको अमिताभ नामक मुखपत्र लामो समय देखि प्रकाशन हुनु नसकि रहेको अवस्थामा हाल आएर क्याम्पसमा कार्यरत प्राध्यापक तथा कार्मचारीहरुको अथक प्रयासले मुखपत्र पुनः प्रकाशन हुन लागि रहेको कुराले अत्यन्तै हर्षित बनाएको छ । आगामी दिनमा समेत यो कार्यले निरन्तरता पाउने कुरामा म पूर्ण रुपमा विश्वस्त छु । यस कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा संलग्न सम्पूर्ण प्राध्यापक तथा कर्मचारीहरु तथा लेख तथा रचना उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण प्राध्यापक प्रति हार्दिक आभार व्यक्त गर्दै यस अमिताभ नामक मुखपत्र प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

प्रधान सम्पादक
**भक्तिराम पन्थी**

# विषय-सूची (Contents)


| क्र सं. (S.N.) | शिर्षक (Title) | लेखक (Author) | पेज नं. (Page No.) |
|---|---|---|---|
| १. | नेपाली भाषाको चिनारी | भक्तिराम पन्थी | 1-3 |
| २. | नेपालमा बसाई सराई - एक समीक्षा | नवराज तिवारी | 4-12 |
| ३. | Effective Teaching With Technology | Rayamajhi, Bishnu Bdr Singh | 13-14 |
| ४. | वृद्धावस्थाः जनसाङ्ख्यिक दृष्टीकोण एक बिवेचना | जीवनाथ मरासिनी | 15-22 |
| ५. | The Significance of Literature in Teaching and Learning Language Skills | Giri Prasad Pokhrel | 23-29 |
| ६. | Is There the Coronavirus Because… | Giri Prasad Pokhrel | 30-31 |
| ७. | कार्यमूलक व्याकरण | यमप्रसाद पन्थी | 32-35 |
| ८. | NEPAL STOCK EXCHANGE (NEPSE) | Ramesh Ghimire | 36-38 |
| ९. | शैक्षिक अनुसन्धानमा जनसंख्या र नमुना छनोट | टिकाराम ज्ञवाली | 39-43 |
| १०. | AN ARTICLE REVIEW On Changes in Socio-culture Trend and its Impact on ELT | Hota Raj Khanal | 44-46 |
| ११. | Matrix And Its Applications In Our Daily Life | Rajneesh Pandey | 47-51 |
| १२. | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमको परिचय, इतिहास, औचित्य र नेपालको अवस्था | तुल्सी खनाल | 52-55 |
| १३. | Bitcoin | Naresh Khanal | 56-62 |
| १४. | पुस्तकालयको महत्व | जानका शर्मा | 63-65 |

| | | | |
|---|---|---|---|
| १५. | Science& Technology | Radhey Shyam Mishra | 66-68 |
| १६. | विद्यार्थीलाई खोज तर्फ लैजाऔ | मणि प्रसाद गैह्रे | 69-71 |
| १८. | देश उठ्न पर्छ | वीरेन्द्र कुमार पाण्डेय | 72 |
| १९. | मेरो लोग्नेको घर | साक्षी पाण्डेय | 73-74 |
| २०. | कपिलवस्तु बहुमुखी क्याम्पसः एक विवेचना | चन्द्रकान्त शर्मा | 75-101 |

# नेपाली भाषाको चिनारी

**- भक्तिराम पन्थी ***

हरेक कुराको एकै पटक वृद्धि र विकास हुन सक्दैन नेपाली भाषाले यो अवस्था सम्म आइपुग्न एक हजार वर्ष भन्दा बढी इतिहासको काल खण्ड पार गर्दै अगाडि बढिरहेको छ । यति लामो इतिहास वोकेको नेपाली भाषाको उत्पत्ति कसरी भएको हो भन्ने विषयमा भाषाविद्हरुको वीचमा मत भिन्नता हुनु स्वाभाविकै हो भन्न सकिन्छ । भारोपेली  भाषा परिवारको शतम् वर्गमा पर्ने आर्य इरानेली शाखाको आर्यभाषाबाट नेपाली भाषाको उत्पत्ति भएको हो भन्ने विषयमा धेरै जसो विद्वान हरुको विचार मिल्न जान्छ । ज्ञान विज्ञान कला, साहित्य, दर्शन जस्ता विविध क्षेत्रमा प्रयोग भएर ठूलो क्षेत्र ओगट्दै अगाडि बढेको नेपाली भाषाको चिनारी गराउन कुनै समस्या छैन ।

नेपाली भाषालाई अधिकांश जनताले मातृभाषाको रुपमा बोल्ने गरेको पाईन्छ । नेपालमा मात्र होइन छिमेकी मुलुक भारतका विभिन्न क्षेत्र गौहाटी, आसाम वर्मा सिक्किम भुटान सिलाङ वनारस दार्जलिङ लगाएतका ठाउँहरुमा नेपाली भाषाले लोक प्रियता पाएको छ । नेपालमा धेरै भाषाहरु वोलिए तापनि सरकारी कामकाजको भाषाका रुपमा नेपाली भाषालाई मान्यता प्रदान गरिएबाट नेपाली भाषाको महत्व र योगदान प्रष्ट हुन आउँछ । राष्ट्रभाषा, संपर्क भाषा र सरकारी कार्यलयहरुमा प्रयोग गरिने भाषा नेपाली भाषाको उत्पत्ति कर्णाली अञ्चलको सिंजा प्रान्तबाट एघारौ शताब्दीमा भएको र प्रयोगमा आएको इतिहास भेटिएका छन् । नेपाली भाषाको सवैभन्दा प्राचीन अभिलेख वि. सं. १०३८ मा प्राप्त भएको छ । त्यस समयमा कर्णाली प्रदेशका नागराजले नेपाली भाषालाई प्रयोगमा ल्याएका थिए ।

त्यस पछि लिच्छवी काल मल्लकाल शाहकाल हुदै अहिलेको लोकतान्त्रिक गणतन्त्रात्मक परिवेशमा आफनो अस्तित्व कायम गर्दै आएको पाइन्छ । वि. सं. २०६८को जनगणना अनुसार नेपाली भाषा बोल्नेहरुको संख्या १,१८,२६,९५३ रहेको पाईन्छ । नेपाली भाषामा कोश निर्माण भएका छन् । व्याकरण, पाठ्यपूस्तकहरु लेखिएका छन् । विभिन्न भाषामा लेखिएका सामाग्रीहरु नेपाली भाषामा अनुवाद गरिएका छन् जसले गर्दा नेपाली भाषाको महत्व झन उजागर बन्दै गएको छ ।

नेपाली भाषामा तत्सम र तद्भव शब्दको साथै आगन्तुक शब्दहरुको पनि प्रयोग गरी गद्य र पद्य साहित्यको रचना गरिएको पाईन्छ पृथ्वीनारायण शाहको दिव्य उपदेश, विभिन्न सन्धि सम्झौता र पत्रहरुको रचना गद्यमा भएको पाईन्छ । सुवानन्ददास, शक्तिवल्लम अर्याल भानुभक्त आचार्य, मोती राम भट्ट जस्ता कविहरुले पद्यको रचना गरेका छन् । गोरखापत्र पत्रिकाको

* उप-प्राध्यापक, कपिलवस्तु बहुमुखी क्याम्पस, तौलिहवा क.व.

प्रकाशन वि.सं. १९५८ को प्रकाशन संगै नेपाली भाषामा आधुनिक काल शुरु भएको हो । नेपाली भाषामा लेखिएका अभिलेख हरु प्राप्त भएका छन् । जसको विषय विज्ञप्ति, दान पत्र, विर्ता, बकस ज्योतिष, प्रशासनिक व्यवस्था, औषधि मूलो नियम आदि रहेको पाईन्छ ।

**जसको उदाहरण यस प्रकार पाउन सकिन्छ ।**

१) दामूपालका समयमा दैलेख जिल्लाको दुल्लुमा रहेको विजय स्तम्भको आडमा लेखिएको शिला स्तम्भ नै अहिले सम्मको प्राचीन अभिलेख मानिएको छ ।

२) हुम्लाको रेलिङ्ग गुम्बामा रहेका वि. सं. १३१२ को अभिलेख हो । यसमा प्रयोग गरिएको नेपाली भाषाको स्वरुप यस प्रकार छ “हाम्रा आलि अटली अटल करी अक्रया छु ” यसको अर्थ हुन्छ हाम्रो देशको साँध सीमाना बलियो गरी बाँधेको छौ ।”

३) अछामको विनायक स्थित पञ्च देवलमा रहेको अक्षय मल्लको अभिलेख १३३७ देखा परेको छ ।

४) पुण्य मल्लको गोरखा अभिलेख वि.सं. १३८५ आदि ।

नेपाली भाषाको परिष्कार परिमार्जन र भाषिक शुद्धता कायम गर्ने हेतुले विभिन्न समयमा साहित्यिक र भाषिक आन्दोलनहरु भए हलन्त बहिस्कार आन्दोलन (१९६५) भर्रोवादी आन्दोलन (२०१३) वर्णविन्यास सुधार अन्दोलन (२०३४) बुटपालिस जस्ता भाषिक आन्दोलन सन्चालन गरियो । भारतको संविधानमा पनि नेपाली भाषाले राष्ट्रिय भाषाको स्थान प्राप्त गर्न सफल भयो । यसरी आधुनिक कालमा आएर आधुनिकीकरण र मानकीकरणको प्रयासले उन्नत भाषाको रुपमा विकसित बन्न पुगेको छ । भाषा विनियमको साधन हो यो आफैमा व्यवस्थित हुन्छ भाषा सम्पर्कको माध्यम हो र यो अमूल्य संपति पनि हो एकै छिन कल्पना गरौ यदि भाषाको आविष्कार र व्यवस्थापन नगरिएको भए कस्तो हुन्थ्यो होला ?

**वर्तमान नेपाली भाषाका विशेषताहरु यस प्रकार छन –**

१) नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । सरकारी कामकाज र पठनपाठनको औपचारिक भाषा हो ।

२) नेपाली भाषाका क्षेत्रीय भेदहरु देखा परेका छन् ।

३) बिभिन्न भाषाबाट शब्द ग्रहण गरी नेपाली भाषा धनी भएको छ ।

४) व्याकरणको निर्माण गरी भाषालाई व्यवस्थित बनाउने कार्य भएको छ ।

५) रेडियो टी. भी.पत्रपत्रिका जस्ता संचार माध्यममा नेपाली भाषाको प्रयोग भईरहनु ।

६) नेपाल भित्र मात्र होईन बाहिर पनि सम्पर्क भाषाको रुपमा प्रयोग हुदै जानु ।

भाषा यादृच्छिक हुने भएकाले भाषा सिकारुले शुरुमा जस्तो शब्दको प्रयोग गरी सम्बोधन गर्‍यो

सोही बमोजिम भाषाको प्रयोग गर्दछ। भाषा समाजमा प्रयोग गरिने भएकाले सामाजिक वस्तुका रुपमा लिन सकिन्छ। शुद्धता नेपाली भाषा पनि सोही सिद्धान्तमा रहेर भाषिक शुद्धता कायम गरेको छ।

भाषाको प्रयोग क्षेत्र विस्तार हुदै जाँदा शब्द भण्डार वाक्य गठन रुपात्मक संरचना आदिमा फरक पर्दै जानु स्वाभाविकै हो। लामो समयको अन्तरालमा कुनैपनि भाषाका वक्ताहरुको अन्य भाषा भाषिहरुको सम्पर्कका कारण भाषामा फरक पन देखिनु स्वभाविक हो। अहिले सम्मको खोज अन्वेषण का आधारमा नेपाली भाषामा लेखिएको प्रथम अभिलेख दुल्लु अभिलेख हो यस अभिलेखमा उल्लेख गरिएको भाषा क्रमश परिवर्तन हुदै आएको छ। नेपाल राज्यको विभाजन सगैँ राजकीय भाषामा पनि विभाजन भई नेपाली भाषामा अनेकौ भाषिकाहरु देखिन थाले नेपाली भाषामा देखिएका ती भेदहरु मध्ये कतिपय अलग अलग भाषा वनि सकेका छन्।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग १ धारा ६ को १ ले नेपाली भाषालाई राष्ट्रभाषाको रुपमा यसरी मान्यता प्रदान गरेको थियो देवनगरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने छ।

नेपालको अन्तरिम संविधान २०६३ ले नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन् भनिएको छ  भाषाको वचाउ गर्ने र विकासमा सहयोग पुऱ्याउने कार्य राज्यको हुन आउछ। नेपाल अधिराज्यको संविधान २०४७ अघि एक भाषी नीति अथवा नेपाली भाषालाई मात्र मान्यता दिएको कारणले कतिपय भाषाहरु इतिहासको विषय बन्न पुगे। नेपाली भाषा नेपालमा वसोवास गर्ने नेपालीहरुको मात्र भाषा होइन नेपाली भाषा भारत, वर्मा, भुटान हङकङ वेलायत र अमेरिकामा वसोवास गर्ने जुन सुकै भाषाभाषी र जातजातिका मानिसहरुले बोल्ने भाषा हो भिन्न भिन्न मातृभाषा भएका नेपालीहरु भेट हुँदा सम्पर्कको माध्यम नेपाली भाषा बनेको छ।

नेपाली भाषाले मेची महाकालीका नेपालीहरुमा एउटा साझापनको आभास गराएको छ। नेपाली भाषा एक हजार वर्ष भन्दा बढी लामो इतिहास वोकेको भाषा हो। मल्ल काल देखि नै यसले राज्यको आश्रय पाएको कुरा अभिलेख हरुद्धारा थाहा हुन्छ नेपालको संविधान २०७२ ले क्षेत्रीय स्तरमा बोलिने भाषालाई पनि राष्ट्रभाषाकै सम्मान दिएको छ नेपाली भाषाको माध्यमबाट विभिन्न विषयको सूचना र जानकारी प्राप्त भईरहेका छन। नेपाली भाषा लाई मात्र नभई नेपालमा बोलिने सबै भाषा हरुको सम्मान र मलजल गर्न बान्छनीय छ।

# नेपालमा बसाई सराई -एक समीक्षा

- नवराज तिवारी *

**मानिस किन आफनो मूल थलोबाट अन्यत्र जान खोज्दछ ।**
**के सबै मानिस यसरी स्थानान्तरण भएका छन् त ।**
**कोही अन्यत्र तर जाने तर नजाने किन कोही ।**
**जाने क्रम बढी वा नजाने बढी छन् वा के छ ?**

मानिसको प्रकृति शुरुको अवस्थामा घुमन्ते नै हो की जस्तो लाग्दछ । असिमित मानिसहरु अशरण प्रकृतिका उपहारहरु अनि मानिसलाई कुन लिउँ कुन छोडौं जस्तो लाग्न सक्छ । यो भन्दा त्यो राम्रो अनि फेरि अझ राम्रो......को चाहना जस्ले मानिसलाई विचरण गर्ने प्रकृतिको बनाएको हुन सक्दछ । अथवा भनौ मानिसमा भएको चेतनाको कारणले सरल जीवनयापन गर्ने सन्दर्भमा यता उता भौतारिदै अन्यत्र स्थानमा पुग्न सक्दछ । यस्तै निरीहहरु शाक्तिवानका साथ बाच्नै नसकेर हुन सक्छ छुट्टै विरानमा पुग्न सक्दछन । कोही फेरि अति नै जिज्ञासु यो संसार कस्तो रहेछ त भनेर नयाँ नयाँ स्थलको भ्रमण विचरण गर्दै हिडन सक्दछन ।

मानव सभ्यताको विकासको क्रममा विभिन्न प्राकृतिक एंव दैवीय वा अन्य विभिन्न उथल पुथलले मानिसलाई गतिवान बनायो की .....। वाढी, पहिरो, भुकम्प, ज्वालामुखी, रोग व्याधि महामारी जंगली पशु आतङ्क आदिको भयबाट बच्न हुन सक्दछ मानिस अर्को सुरक्षित स्थान खोज्दै खोज्दै हिडन थाले । अथवा भनौं प्रकृतिक सम्पदाको विशाल भण्डार उर्वर भूमि हरियाली सहज भू-वनोट आदिले उसलाई एक ठाउँबाट अर्को ठाउँमा जान वाध्य गरायो की .......यस्तो अनेकन विचारहरु आज हाम्रो सामु आँउछन । विगतमा भएका मानव निर्मित संरचनाहरु कला कौशल किम्वदन्ती एंव मानव चरित्रको अध्ययनबाट यो पुष्टि हुन्छ की मानिस सधै नयाँ नयाँ गन्तव्यको खोजी गर्दछ र सुविधा अनुसार आफूलाई व्यवस्थित गर्दछ ।

संसारभरी यहि शिद्धान्तका आधारमा मानिसहरुको वसोवास भएको छ भन्न सकिन्छ । सुरु सुरुका अवस्थामा भौगोलिक सीमाना थिए तर राजनैतिक सीमाना थिएनन् । कालान्तरमा मानिसको आवादी बढदै जाँदा र मानव फैलावट धेरै हुँदै गर्दा स्टेट Concept विकास भएको पाइन्छ । जसबाट मानिसले आफूलाई वृहत क्षेत्रबाट संकुचन गरी एक भौगोलिक सिमामा सीमित गऱ्यो जस्ले राष्ट्र देशको जग बस्न पुग्यो । आफनो क्षेत्रको सुरक्षा गर्ने सो भित्र कृषि, उद्योग व्यवसाय तथा अन्य कार्य गरी जीविका चलाउने प्रथाको थालनी भयो ।

विस्तारै विस्तारै मानव समाज आ-आफना अनुभवहरुबाट परिष्कृत हुदै सभ्य समाजमा रुपान्तारित हुँदै सबै मानवप्रति समभाव राखी विकास निर्माण तथा अनुभव साटासाट तथा

* सह प्राध्यापक, कपिलवस्तु बहुमुखी क्याम्पस, तौलिहवा क.व.

सो को विभिन्न माध्यमद्वारा संरक्षण गरी आफना सन्ततिहरुलाई हस्तान्तरण गर्दै आए । यही क्रममा कतिपयले आफनो शाक्तिको अधिकतम उपयोग जनकल्याणमा लगाउँदै एक सवल सक्षम समुन्नत राष्ट्रका रुपमा अगाडि बढे । त्यहाँको आर्थिक सम्बृद्धि रोजगार अवसर जनजीविका सामाजिक उतरदायित्व एंव हरेक पक्षले सबैलाई आश्चर्य चकित पार्दै लोभ्याउन थाल्यो । अर्का थरीले आफनो शाक्ति सामर्थको उपयोग आफनो स्वार्थका लागि बढि गर्दा त्यहाँका मानिसहरुको जीवन कष्टकार वन्न पुग्यो । नागरिक रैती दास जस्ता वन्न पुगे । देश निर्माणले गति लिन सकेन । प्राकृतिक तथा अन्य साधन श्रोतको समुचित उपयोग नभई देश एक जर्जर क्रुर व्यक्तिको हातमा गई मानव जीवन नरक बन्न पुग्यो त्यस्तै गरी कतिपय स्थानमा न त उदार न त कठोर न त विकास न त विनासको अवस्थामा रही त्यस क्षेत्रका मानिसहरुमा चेतनाको स्तर कमजोर रह्यो तर उनीहरुमा कोही राम्रो गर्ने सु-अवसरको खोजीमा लाग्ने अवस्था सिर्जना भयो ।

यसरी के भन्न सकिन्छ भने कोही Push Factors र कोही Pull Factors हुदाँ रहेछन जस्ले मानिसहरुलाई बसाई सराई गर्न उद्घृत गर्दछन् जसमा केही यस प्रकार छन् ।

**Push Factors:**

- Not enough job अप्रयाप्त काम वेरोजगार
- Few opportunities सीमित अवसर
- Inadequate condition अप्रयाप्त आधार न्युन अवस्था
- Desertification मरुभुमिकरण
- Famine or drought अधिक वर्षा वा अल्पवर्षा
- Political fear or persecutions राजनैतिक त्रास
- Slavery or forced labor दाशता
- Poor medical care औषध उपचारको आभाव
- Loss of wealth सम्पतिको विनास
- Natural disaster प्राकृतिक आपदा
- Death threats मृत्यु भय
- Desire for more political or religious freedom उदार राजनितिक खोज्नु
- Pollution प्रदुषण
- Poor flossing न्युन वसाई
- Landlord/Tanat issues घरधनी तथा वस्ने विच समस्या
- Bullying गुण्डागर्दी

- Discrimination विभेदकारिता
- Poor chances of marrying विवाह हुने सम्भावना कम
- Condemned housing सुविधा विहिन अवस्था
- Radiation विकीरण
- Deases महामारी रोग

**Pull Factors :**

- Better emBetter employment opportunities रोजगारको सुअवसर
- To fulfill self aspiration आफ्ना आकांक्षा पुरा गर्न सहज
- Better living condition सरल जीवन यापन
- Availability of health care सुलभ स्वास्थ्य सेवा
- Transportation & Schooling facility यातायात एवं शिक्षाको सुविधा
- High income level आय स्तरमा वृद्धि
- Housing and urban facilities राम्रा सुविधायुक्त घर तथा अन्य यस्तै सुविधाहरु

मानिस यसरी अनेकन कारणहरुले आफनो जन्म स्थलबाट अन्यत्र जाने गर्दछन । यस्तो प्रकृतिको Migration मा विभिन्न प्रकारबाट मानिसहरु सर्ने गरेको पाउँछौं
हामीलाई थाहा छ विश्वमै नेपालीहरु अत्यन्त क्रम रुपमा वसाई सराई गर्ने गर्दछन ।

नेपालको जनगणनालाई आधार मानेर हेर्ने हो भने सुरुको अवस्थामा सामान्यतया चार प्रकार बाट मानिस  देशभित्र स्थानान्तरण हुने गर्दथे ।जुन यस प्रकार छन् ।

ग्रामीण क्षेत्रबाट अर्को ग्रामीण क्षेत्रमा (Rural to Rural)

ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा (Rural to Urban)

एक शहरबाट अर्को सहरमा (Urban to Urban)

शहरबाट ग्रामीण क्षेत्रमा (Urban to Rural)

नेपालको सन्दर्भमा अध्ययन गर्दा उच्च पहाडी क्षेत्रबाट तराईमा स्थानान्तरण हुने क्रम पनि बढि नै छ । यस्तै उच्च पहाडी वा पहाडी  ग्रामीण भेगबाट पहाडी उपत्यका तथा शहरमा आउने क्रम पनि अति उच्च रहेको छ । यस्तै गरी बहिरी मुलुक खास गरी भारत, वर्मा, भुटान तिब्बतबाट समेत उल्लेख्य मात्रामा नेपालमा बसाई सराई गरेको पाइन्छ । विशेष गरी व्यवसाय सञ्चालन गर्न शैक्षिक रोजगार प्राप्त गर्न तथा विवाह आदि सम्बन्धका कारण पनि छिमेकी मुलुकबाट नेपालमा आई स्थायी वसोवास गर्ने जमात ठुलै छ ।

आज भन्दा ५०।६०वर्ष अघि सम्म नेपालमा विशेष रुपमा राज्य ले नै कामका लागि बाहिरी जनशाक्ति बोलाउने प्रचलन थियो । यसैको  झलक नेपालको उत्तारी तथा पहाडी भागमा मुसलमान माडवारी तथा अन्य भारतीय जातिको आगमन भएको पाइन्छ । यसै गरी नेपाली भू भाग बाट २५० बर्ष अघि देखि नेपालका रैथाने आदिवासीहरु विभिन्न कारणले विदेश जाने गरेको तथ्य स्पष्ट हुन आउँछ ।

नेपालमा हुने विभिन्न Migration मा नजिक नजिकका स्थानमा तथा नेपाल भारत चीनको तिव्वत क्षेत्र आसपासमा सवै भन्दा वढी सामाजिक परम्पराका आधारमा विवाह एक प्रमुख कारण हो । जसमा महिलाहरु एक स्थानवाट अर्को स्थानमा स्थानान्तरित हुन पुग्छन । यस्तै पुरुषहरु विशेष गरी रोजगारीको कारणले वढी स्थानान्तरित भएको पाइन्छ ।

सन १९५० भन्दा आगाडिको अवस्थालाई अध्ययन गर्दा राष्ट्रिय रुपको स्थानान्तरण एकदम न्युन भएको पाइन्छ । रोजगारका क्रममा अस्थाई रुपमा भारत लगायतका मुलुकमा जाने परम्परा रहेको देखिन्छ। यसरी गएका व्यक्तिहरु पछि नेपाल फर्किदा कतिपयले आफना मुल थलोमा नगई तराईका भागहरुमा वसोवास गर्ने गरेको देख्न सकिन्छ यस्तै गरी सरकारले १९५० पछि मलेरियाको उन्मुलनका लागि विशेष कार्य क्रम ल्यायो र घना वन जंगल भएको उर्वर भुमिमा नेपालका भुमिहीन किसानका लागि पहाडका भित्री मधेश र तराईका विभिन्न स्थानमा वसोवास गराउने अभिप्रायले २०१३, २०१९, २०२६/०२७, २०३४/०३५ साल तिर जंगल फडानी गरी विभिन्न भागमा वस्ने वसाउने क्रममा कास्की सिसुवा क्षेत्र चितवन नवलपुर वाके वर्दिया कैलाली कञ्चनपुर तथा पुर्वी नेपालका चुरे मुनिका समथर भुमिहुन जस्मा अत्यन्त न्युन आय भएको घरवार विहिन वाढी पैरो पीडित तिव्वतीयन शरणार्थी बर्मेली समुदाय भारतको असम नागाल्याण्ड मिजरम तथा यस्तै अन्य क्षेत्रवाट आएका मानिसहरु प्रमुख थिए। त्यस वखत सुरु सुरुमा पहाड क्षेत्रवाट वसाई सर्ने क्रम अत्यन्तै न्युन थियो। औलौ खानेपानी ठुला घना जंगल तथा जंगली जनावरको आक्रमण आदिले मानिसहरुलाई तराई क्षेत्रमा वसोवास गर्न निरुत्साहित गरेको थियो । तर विस्तारै विस्तारै बस्ति विकास कार्यक्रम वा पुनर्बास व्यवस्था खेतीपातीका लागि सहज कृषि अनुदान ऋण सहयोग खाद्यान्न घरकर्जा लगायत वाटोघाटो वजार यातायात खानेपानी सिचाई नहर सुविधा विद्यालय व्यवस्था तथा पुर्व पश्चिम महेन्द्र राजमार्गको थालनीवाट पहाडवाट तराई झर्ने क्रम तीव्र हुन पुग्यो । यसै क्रममा सरकारले भु.पु आर्मीलाई राजनैतिक पीडित व्यक्तित्वहरुलाई पनि तराई क्षेत्रमै निःशुल्क जग्गा वितरण गऱ्यो । यसवाट दुर्गम विकट युक्त क्षेत्रवाट सहज क्षेत्रतर्फको आकार्षण वढ्न थाल्यो ।

स्व.राजा महेन्द्रको दुरगामी सोच तथा कन्तिकारी भुमिसुधार कार्यक्रमले धेरै भन्दा धेरै मानिसहरु जग्गाधनि वन्न पुगे जसले नेपालमा मानिसको जनजीविकामा नै अमूल परिवर्तन ल्याई दियो ।

हामीलाई ज्ञान छ कुनै कार्यको सकारात्मकताका साथ नकारात्मकता पनि रहेको हुन्छ । तत्कालीन सरकार तथा नागरिक अभियन्ताले वसोवासको नयाँ आयाम सोंचले देशलाई धेरै

क्षेत्रमा सकारात्मक विकासको फड्को मार्ने कार्य गरायो । यस्ले नयाँ नयाँ बजार व्यवस्था माननीय पक्षसंग आवश्क पर्ने  भौतिक सुविधा,शैक्षिक जागरण तथा विश्व वजारमा सरल पहुँच बढायो । कृषि, उद्योग, रोजगार, बैदेशिक रोजगार, व्यापार पेशा व्यवसाय एवं शीपमूलक जनशक्तिको व्यवस्थापनमा पनि उत्तिकै महत्वपूर्ण योगदान पुर्‍यायो ।

समयले नेटो काट्दै गयो । अनि नेपालमा भएको बसाई सराईको नकारात्मक असर पनि विस्तारै विस्तारै पर्न थाल्यो । साथै जन्म थलोमा बसी खेतीपाती गर्दै रमाएकाहरु शहर बजारको तथा तराई क्षेत्रमा भएको सरल सुगमता तथा विभिन्न अवसरहरुले गर्दा पलायन हुने कममा तीव्रता आयो जसको फलस्वरुप नेपालका धेरै पहाडी वस्तिहरु उजाड हुन पुगे । रैथाने जातका खेती अन्नवालीको लोप हुदै गयो । परम्परागत शीप पलायन भयो । अनि समथर हरियाली तराईको भूभाग विस्तारै विस्तारै कङ्क्रिट जंगलमा परिणत हुन पुग्यो । उपत्यका क्षेत्रको उर्वर भूमिमा पाइला टेक्ने ठाउं नरहने भयो । देशले कृषिमा भएको आत्मनिर्भरता अव परनिर्भतामा रहनुको विकल्प रहेन । सन् १९४१।४२ को जनगणनामा  कुल नेपालको जनसंख्याको १८ प्रतिशत भएको तराईको वसोवास बढेर वर्तमानमा ५१ प्रतिशत भन्दा बढी हुन पुग्यो । सन् १९५० देखि २०१० सम्म नेपालको पहाडी ग्रामिण क्षेत्रबाट विभिन्न उपत्यका, भित्री मधेश एवं तराईमा व्यापक वसाई सराई भएको पाईन्छ । तथापी दक्षिण एसियामा भएको शहरीकरणमा सवैभन्दा कम भएको देश नेपाल नै हो । अझैपनि दुरदराज गाउँमा वस्ने नेपालीको संख्या उल्लेख्य छ । नेपालमा १९५० तिर २ प्रतिशतको दरले वसाई सराई थियो भने सन् १९९० तिर १० प्रतिशत, सन् २००२ तिर १६ प्रतिशत र पछिल्लो वर्तमान अवस्थामा आईपुग्दा स्थानान्तरण प्रकिया १९।२० प्रतिशत रहेको विद्वानहरुको अनुभव छ ।

अव यसरी नै जनसंख्यामा वसाई सराई गर्ने कम नरोकिएमा देशको हरेक पक्षमा नकारात्मक प्रभाव पर्ने निश्चित छ । पहाडी जीवन शैली वा पद्धतिमा नै व्यापक ह्रास आएको छ । वैदेशिक रोजगार चुलिदै गएवाट देश विकासलाई आवश्यक पर्ने जनशक्तिकै अभाव हुन थालेको छ । शिक्षा, स्वास्थ्यका नाउँमा देशको ठूलो रकम विदेशीएको छ । विदेशको सम्यताले आफ्नो रहन शहन, वानी व्यहोरा कार्यपद्धति जीवन पद्धति नै परिवर्तित गरि दिएको छ । केही थोरै राम्रो रुपान्तरण भएता पनि नकारात्मक जीवनशैली धेरै बढेको छ । स्वस्थ्य तथा खानपानमा वर्तमानमा मिसावट कम स्वस्थ्यप्रद खाद्य पदार्थको विगविगी नै छ । गाउँले जन जीवनको अपनत्व हराएर गएको छ । मानवीय मूल्य मान्यता भन्दा सम्पत्ति आर्जनमा होड बढेको छ ।

**अव के गर्ने ?**

देशको आन्तरिक स्थानान्तरण प्रकियालाई न्यून गर्न अविलम्व कही ठोस एवं कठोर कदम उठाउन बान्छनीय देखिन्छ । अवेला त भइसकेको छ तर पनि सरकार एवं जनस्तर तथा प्रदेश र स्थानीय निकायहरुको सुझबुझ तथा सतप्रयास हुने हो भने केही हदसम्म यो भयावह बसाई

सराईको पीडाबाट देशलाई बचाउन सकिन्छ ।

**संघीय सरकारका तर्फबाट :**

राष्ट्रिय विकास नीति निर्माण गर्ने क्रममा योजना आयोगलाई योजना वनाई सन्तुलित विकासका आधार खडा गर्न लगाउनु पर्दछ । सानो र सुन्दर देश छ यस्को विकासको रोडम्याप वनाई सार्वजनिकीकरण गर्नु पर्दछ ।

जुन सुकै पार्टी सरकारमा आए पनि कुनै क्षेत्र स्थान विशेषभन्दा पनि वनाइएका रोडम्यापका आधारमा विकास निर्माण कार्यलाई अगाडि बढाउनु पर्दछ ।

देश विकासको आधार देशका जनताको शैक्षिक चेतना स्तर हो । सोका लागि सवै प्रदेश तथा जिल्लामा सम्भाव्यताका आधारमा विभिन्न प्राविधिक शिक्षा, व्यावसायिक शिक्षाका साथै राष्ट्र परिचय भूगोल एवं इतिहासको जानकारी गराउनुका साथै कर्तव्यनिष्ठ नागरिक उत्पन्न गर्ने शिक्षा नीति अवलम्वन गर्नु पर्दछ ।

शिक्षाको पहुँच सबैका लागि र सरल सहज रुपमा सवै वालवालिकाहरुको आवश्यक सुविधा सवै क्षेत्रमा पुऱ्याई अध्ययन तथा सिकाई कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।

विश्वमा भइरहेको प्राविधिक तथा नयाँ नयाँ ज्ञान सीपलाई समय सापेक्ष देश भित्राउदै युवा जनशक्तिको उचित परिचालन गर्न सक्नु पर्दछ ।

देशमा सबैभन्दा ठूलो कुरा पैसा सम्पत्ति भन्दा पनि काम कर्तव्य हो भन्ने मानसिकताको विकास गरी कामलाई सम्भान गर्ने वातावरण सिर्जना गर्नु पर्दछ । कृषि कार्यक्रमलाई आधुनिकीकरण गर्दै संलग्न पक्षलाई समय समयमा सम्मान, प्रोत्साहन, पुरस्कार एवं कृषि उपज बढाउनु पर्दछ ।

देशका विभिन्न भागमा आवश्यक भौतिक संरचनाहरु निर्माण गरी ग्रामीण क्षेत्रलाई प्राथमिकता दिदै ती स्थानमा योग्य जनशक्ति परिचालन गरी गाउँमै मानिसहरुलाई वस्ने वातावरण वनाउनु पर्दछ ।

मानिसका लागि आवश्यक पर्ने शिक्षा, स्वास्थ्य, सुरक्षा रोजगार मनोरंजन साधन आदिको समुचित उपलव्धता गर्ने नीति अनुरुप स्थानीय सरकारलाई योजना वनाउन निर्देशन एवं प्राविधिक सहयोग गर्नु पर्दछ ।

राष्ट्रको आयको सन्तुलित वितरण गरी अत्यन्त आवश्यक विकट क्षेत्रमा केन्द्रले विकासका कार्यक्रम संचालन गर्नु पर्दछ ।

नेपालको विकासको केन्द्र बिन्दु भनेको कृषि, पर्यटन र उर्जा विकास हो भन्ने तथ्यलाई हृदयमा गरी सोही अनुकूल संरचना, प्रविधि एवं जनशक्ति तयार गर्ने बृहत योजना वनाई कार्यान्वयनमा जोड दिनुपर्छ ।

पुरै तराई र भित्री मधेशलाई कृषि हव (क्षेत्र) कायम गरी एकिकृत सिंचाई योजनाको खाका तयार गरी यी क्षेत्रमा ८०।१०० सम्मका ठूला ठूला जलाशयको निर्माण र ती जलाशयहरुमा ठुला ठूला नदिको पानी संरक्षण गर्ने नहर योजना अनि तिनबाट नियमित जल प्रभाव गरी पुरै भू-भागमा सिंचित गर्ने योजना बनाई १०।१५ वर्ष भित्र आत्मनिर्भर नेपाल वनाउने आधार खडा गर्ने तर्फ लग्नु पर्छ ।

कृषि अनुसन्धान केन्द्रलाई सशक्त र प्रभावकारी वनाउदै नयां विउ विजन, जाति प्रजाति, मल खाद्य उत्पादन एवं व्यवस्थापन, जमिन माटो परीक्षण सुविधा, कृषि उपज खरिद व्यवस्था, कृषि प्रविधिक तथा कार्य व्यवस्थापन,उन्नत प्रविधिको उपयोग आदिको समुचित प्रवन्ध गर्न आवश्यक नीति नियम तथा मार्गदर्शन प्रदान गर्ने ।

पहाडी तथा हिमाली क्षेत्रमा कृषिकै पशुपालन, परम्परागत वाली विकास फलफूल उत्पादन आदि सम्भाव्यताहरुको पहिचान एवं कार्य योजना वनाई स्वाबलम्वन अभियान संचालन गर्न आवश्यक नीति निर्माण गर्ने ।

जलश्रोत परिचालन, शुद्ध पिउने पानी देश तथा वदेशमा पुऱ्याउने रणनीति बनाई उर्जा सम्बन्धि नीति निर्माण एवं कार्यान्वयनमा जोड दिने ।

सम्भावित तराई, पहाडका विशेष गरी हिमाली क्षेत्रहरुका पर्यटकीय क्षेत्रको पहिचान, प्रवर्धन संरचना विकास एवं प्राविधिक पक्षको अध्ययन गरी ठोस् योजना वनाई शुद्ध शान्त मनोरम गन्तव्यका रुपमा विकासका लागि ठोस पहल गर्ने ।

दुई ठूला ठूला राष्ट्रबिच भएको देश नेपाललाई मनमा सम्बृद्धिको अठोट राखी राज्यले इमान्दारी नीति निर्माण गरी विदेशी लगानी भित्र्याउन सक्षम भएमा छोटो समयमै अनुकरणीय राष्ट्र बन्न सक्ने आधार खडा गर्ने ।

**प्रदेशका तर्फबाट :**

सन्तुलित विकास अवधारणा अनुरुप देशको चौतर्फी विकासका लागि प्रदेश सरकार अझ बढी चनाखो सजग एवं लगनशील हुन अपरिहार्य छ । आफ्नो प्रदेश भित्रको हरेक पक्षको तथ्यांङ्क लिई कहाँ के आवश्यकता छ श्रोत साधन छ सो को व्यवस्थित अध्ययन एवं परिचालनका लागि योजना बनाई समयमै कार्यान्वयन गर्ने तर्फ लाग्नु पर्दछ

भौगोलिक विविधताका आधारमा एवं जनसंख्याको चांपका आधारमा एवं सामरिक महत्वका आधार पत्ता लगाउँदै विकासको विविधीकरण सिद्धान्त अनुरुप शिक्षा, स्वास्थ्य, कृषि, औद्योगीकरण एवं समुन्नत गाउँ विकासका कार्यक्रमहरु ल्याई सोही अनुरुप अगाडि बढ्ने र स्वरोजगार एवं रोजगारी अवसर उत्पन्न गर्ने कार्य संचालन गर्नु पर्दछ ।

सचेत, जिज्ञाशु एवं इमान्दार (नैतिकवान) व्यत्तित्व विकास अवसर तथा विना भेदभाव

योग्यताको, शिपको कदर गर्दै राष्ट्र निर्माण भूमिकामा युवा जनशक्तिको परिचालन गर्ने कार्यक्रम ल्याउनु पर्दछ ।

आफ्नो प्रदेशका सम्भावना तथा आवश्यकता पहिचान गरी केन्द्रमा समन्वय एवं नीति निर्देशनको प्राप्ति एवं सोही अनुरुप कार्य संचालन गर्ने एवं स्थानीय निकायको सहयोग लिने ।

मानवीय विकास सूचकाङ्कलाई आधारमानी आवश्यक हरेक क्रियाकलापका स्थिति नियाली आगामी रणनीति तयार पार्ने तथा सो को कार्यान्वयन गर्ने ।

केन्द्रले तोकेको कार्यहरुको साथै आफैले पहिचान गरेका विकासमूलक कार्यक्रमलाई यथार्थपरक ढंगबाट केलाई विश्लेषण गरी सो को प्रभाव एवं कार्यान्वयनको लागि प्रयत्न गर्ने ।

प्रदेश सरकार, संघीय सरकार र स्थानीय निकायको पुलको काम गर्ने हुनाले आफ्नो प्रदेश भित्रका शैक्षिक आर्थिक सामाजिक पूर्वाधार संरचना, मानव अधिकारको हक एवं आवश्यक अन्य विविध पक्षमा व्यापक खोजवीन अध्ययन गरी वास्तविक सत्य तथ्यका आधारमा विकास निर्माण कार्यलाई अगाडि बढाउँन सम्वन्धित स्थानीय निकायलाई तथा केन्द्र सरकारलाई आवश्यकता बोध गराउँदै साधन श्रोत उपलव्ध गर्न लगाई कार्य सम्पादन गर्न प्रेरित गर्नुपर्छ ।

**स्थानीय सरकार :**

देश विकासको क्रम संगसंगै मानव वसोवास वसाई सराईमा सवै भन्दा प्रभाव स्थानीय निकायको हुने गर्दछ । आफ्नो क्षेत्रमा वसोवास गर्ने विभिन्न जाती, धर्म संस्कृतिका मानिसहरु, उनीहरुको रहनसहन भेषभूषा आर्थिक शैक्षिक स्थिति, स्वास्थ्य अवस्था, जीवनपद्धति, जिउने आधार, विद्यालय, स्वास्थ्य अस्पताल, उच्च शिक्षा, रोजगारको अवस्था, वाटो घाटो, पुलकुलेसा सिंचाई बजार व्यवस्था लगायत धेरै कुराहरुसंग प्रत्यक्ष सरोकार राख्ने निकाय भएको हुनाले यी स्थानीय सरकारको भूमिका अंह हुने गर्दछ ।

स्थानीय वासीहरुले नै चुनेर आएका जनप्रतिनिधि भएको कारणले आ-आफनो क्षेत्रको आवश्यकता, मानिसहरुका दुख सुख, दैनिकी, व्यापार पेशा व्यवसाय, काम कारोवार तथा उनीहरुको जीवन पद्धतिमा पुरै भिजेका हुनाले स्थानीय सरकारका अंगहरुलाई यथा वास्तुस्थितिको बोध हुने हुनाले आफ्नो तहबाट के कसरी यो समाजलाई अग्रगामी छलाङ.लगाई विकास एवं सहज जीवनयापनको वातावरण सिर्जना गर्न सकिन्छ भन्ने वारे छलफल गरी सोही बमोजिम योजना बनाई क्रमबद्ध रुपमा प्राथमिकताका आधारमा विकास निर्माण कार्य अगाडि बढाउन सकिन्छ । आफ्नो क्षेत्रमा भएका प्रतिभावान युवा जमातलाई उनीहरुको सीप विकासका लागि योजना बनाई एक कर्मठ इमान्दार राष्ट्रवादी नागरिकको निर्माण गर्नुपर्ने आवश्यक भूमिका खेल्नु प्रमुख कर्तव्य हो । यस कार्यका लागि उनीहरुको रुची अनुसारका अवसर स्थानीय स्तरमै उपलव्ध गराई थप अध्ययन अनुसन्धान कार्यका लागि प्रदेश तथा केन्द्र सरकारसंग सहयोग लिई समाजको निर्माणमा योगदान पुर्‍याउनु पर्दछ ।

स्थानीय स्तरमै रोजगारका सम्भावनाहरुलाई अध्ययन गरी सो क्षेत्रमा लाग्न प्रोत्साहित गर्दै स्वरोजगार तथा आर्थिक उपार्जन बढाउने उपाय अवलम्बलन गर्दै जानु पर्दछ ।

खेतीपाती, पशुपालन, मत्स्य पालन, फलफूल तथा अन्य विविध कृषि कार्यमा सरिक गराउन आवश्यक प्राविधिक एवं आर्थिक सहयोग प्रदान गरी तालिम सीप आदिबाट काम गर्ने मनोवल बढाई उत्पादन क्षेत्रमा जनशक्ति परिचालन गर्नुपर्दछ ।

अप्ठ्यारोमा परेकाहरुलाई सोही अनुसारको काउन्सिलिङ.गरी सकारात्मक सोच विकास गराउँदै अवसरको खोजी र उपलव्धता गराई सामाजिक सम्मान सद्भाव तथा भाइचारा हुने गरी सवै मा हामी नेपाली हौं यो हाम्रो देश हो हामी यही बसी देशको सेवा गरी आफुलाई सम्मानपूर्वक सामाजिक आर्थिक जीवन जीउन सक्छौ भन्ने भावना विकास हुने खालका कार्य गर्नु पर्दछ ।

अन्त्यमा, वर्तमान समयमा हाम्रो देश जुन तरिकाले अगाडि बढिरहेको छ ...देशमा बस्ने सक्षम सवल युवाशक्ति विस्तारै पलायन हुदै गैरहेको तितो सत्य यथार्थ हामीबिच छ। तसर्थ, हाम्रा गाउँ वस्तीमा हरियाली छाऊन सद्भाव कायम रहोस् बाँझा डाँडा काँडाका वारी पुनः खेतीपातीले लटरम्म हुन् । आफनो परिश्रमी हातले आफ्नै देश वनाऔ र आफ्नो जीवन सहज सुखद वनाई आपसमा रमाई रमाई बाँचौ भन्नका लागि तथा विदेशको दुख पीडा अपमानवाट मुक्त हौ भन्ने सन्देस दिनका लागि आज सबै नेपाली जुन जुन क्षेत्रमा हामी छौ इमान्दार भई आ-आफनो कर्तव्य जिम्मेवारी पुरा गरौ । यदि यसो गर्न सकियो भने मात्र बसोबास बसाई सराई रोकिन सक्छ । तराई पुनःउर्भर भूमि हुनसक्छ । काठमाण्डौ जस्ता ठूला सहर प्रदुषण मुक्त भई सुन्दर सहरमा परिणत हुन्छन् भने देशको हरेक कुना काप्चामा मानिस सहज सम्मानित जीवन यापन गरी दीर्घ  जीवन प्राप्त गर्न सक्छन् ।

# Effective Teaching With Technology

- Rayamajhi, Bishnu Bdr Singh *

The Effective Teaching with Technology (ETT) course was conceived during the preparation of the proposal to National Science Foundation for the Center for Integration of Research, Teaching and Learning (CIRTL) in 2002. CIRTL is developing a framework of traditional coursework and extracurricular activities to prepare future higher education faulty for their roles as instructors. The rationale for this course is simple: considering the current and future impact of information technology on all aspects of modern life and in particular, on teaching and learning, it is essential that a comprehensive research center, focused on postsecondary education, have an activity that addresses technology enhanced learning. The ETT course is not a training course on the use of specific information technologies, but instead promotes the idea of selecting, implementing and evaluating technologies with a critical eye toward meeting learning objectives. Like all CIRTL courses, the ETT course targets PhD candidates and postdoctoral students who intend to seek faculty positions after graduation. Developing a hypothesis for practices to achieve the learning objectives involves a substantial amount of time. An important decision made early in the process was to team teach the course. Lack of deep expertise over the broad subjects of education theory, instructional technology, multiple STEM disciplines, and other important factors by a single instructor necessitated the team instruction approach. The teaching team consists of faculty and academic professionals with particular expertise in various areas of importance to the course.

**These include:**

- Televised lectures,
- Streaming video applications,
- Distance learning programs,
- On-campus hybrid course design,
- On-line community building,
- Instructional technology support,
- Curriculum materials development,
- Universal design,
- Teaching and learning theory, and
- Software engineering.

In the formative stage of course development, hearing as many voices as

* **Asst. Lecturer, Head of the Huminities Department of Kapilvastu Multiple Campus, Taulihawa Kapilvastu**

possible in selecting the specific topics to be studied in the course adds to the richness and diversity  of the content. Finally, the pragmatic issue of distributing the workload of new course development over a sufficient number of instructors so that no one person feels the burden is to great to allow their participation makes the team approach more compelling.

# वृद्घावस्थाः जनसाङ्ख्यिक दृष्टीकोण एक बिवेचना

- जीवनाथ मरासिनी *

**१.१.वृद्ध अवस्थाको सामान्य परिचयः**

जनसंख्या सधै एकै अवस्थामा रहदैन । मानिस जन्मे पछि स्वभाविक रुपमा उसको उमेर बढ्दै जान्छ । शिशु, वालक, किशोर, वयस्क हुदै मानिस अन्ततः वृद्धा अवस्था तर्फ क्रमशः उन्मुख र हन्छ । यसरी उमेर परिवर्तनको सन्दर्भमा अन्त्यमा पुग्ने अवस्थालाई वृद्धा अवस्था अथवा बुढ्यौली भन्ने गरिन्छ । बुढ्यौलीको सम्बन्धमा बिभिन्न ब्याख्याहरु पाईन्छन् । कतिपयले क्रमशः उमेर बढ्दै जानुलाई बुढ्यौलीको अर्थमा लिएका छन् । यस अर्थमा यो सापेक्ष अवधारणा हो । दिनदिनै उमेर बढ्दै जानु बुढ्यौलीको प्रकृया हो । यस अवस्थामा मानिसको शारीरिक तथा मानसिक अवस्था क्रमशः परिवर्तन आउँदछ । तर जनसंख्या अध्ययनमा यसको केही भिन्न अर्थ रहन्छ । बुढ्यौली (Aging) ले वृद्ध अवस्था उन्मुख अवस्थालाई जनाउदछ । कुन उमेर अवस्थालाई वृद्ध मान्ने भन्ने सवालमा चाही विविधताको अवस्था बिद्यमान छ । कतिपय देशमा ६५ बर्ष भन्दा माथिका मानिसहरुलाई वृद्धको रुपमा लिने गरिन्छ । तर नेपालमा ६० बर्ष भन्दा माथिको उमेरका मानिसलाई यस समूहमा राख्ने गरिएको छ । वृद्धसम्बन्धी अध्ययन र अनुसंधान गर्ने शास्त्रलाई जेरेन्टोलोजी (Gerontology) भनिन्छ । Gerontology मा उल्लेख भए अनुसार मानिसलाई बढी परिश्रम, मानसिक तनाव, आलस्य रोग आदीले छिटो वृद्ध अवस्थामा पुऱ्याउँछ । यो जनसंख्याको जनसाङ्ख्यीक संरचनामा अत्यन्तै ठूलो भूमिका छ । वृद्धको जनसंख्या बढ्नु आर्थिक दृष्टीकोणले देशको लागी बोझ हो भने कम हुनु देशको गरिबी तथा अशिक्षाको सूचक हो । वृद्धजनसंख्या बढ्नु जनताको गुणस्तरीय जीवनको दृष्टिकोणबाट सकारात्मक कुराहो किनकी शिक्षा स्वास्थ्य पोषण लगायतका सुविधाको वृद्धिको कारणले नै औसत आयु बढ्दै जान्छ र गुणस्तरीय जीवन प्राप्त हुन्छ । यद्यपि जनसङ्ख्यिक दृष्टिकोणले यसलाई त्यति उपयुक्त मानिदैन ।

**१.२.वृद्ध अवस्थाका बिशेषताहरुः**

वृद्ध अवस्थामा धेरै शारीरिक सामाजिक तथा आर्थिक परिवर्तनहरु देखा पर्दछन् जसलाई वृद्ध अवस्थाको बिशेषताको रुपमा उल्लेख गर्न सकिन्छ ।

१. यस क्रममा मानिसको दृश्य शक्ति क्रमशः बमजोर बन्दछ भने कपालको रङ्ग परिवर्तन हुन्छ ।

२. अनुहार तथा शरीरको छालाको अवस्थामा परिवर्तन हुदै चाउरी पर्दछ ।

३. मानिसले क्रमश हाड तथा जोर्नी दुखेको महसुस गर्न थाल्दछन् भने दाँतहरु कमजोर हुदै जान्छन् ।

* सहायक प्राध्यापक, कपिलवस्तु बहुमुखी क्याम्पस, तौलिहवा क.व.

४. वृद्ध हुदै जाँदा श्रवण शक्तिमा कमी आउछ ।

५. मुटु तथा फोक्सोमृगौला लगायतका अङ्गको कृयाकलाप तथा क्षमतामा कमी आउँदछ ।

६. शरिर कमजोर हुदै जान्छ शरिरका सबै जसो अङ्गहरुले बिस्तारै बिस्तारै काम गर्न छाड्दछन् ।

७. बिस्तारै काम गर्ने क्षमतामा कमी आई आर्थिक रुपमा पर निरभर हुदै जान्छन् ।

८. पारिवारिक जिम्मेवारी तथा दाहित्ववोधबाट बिस्तारै मुक्त हुदै जानछन् ।

९. समाजिक पहिचान उत्तराधिकारीमा सर्दै जान्छ भने ब्यक्ति आध्यातमिक तथा धार्मिक लाईनमा अगाडि बढ्दै जान्छ ।

**१.३ बुढौली उमेरको जनसंख्याको अध्ययनको महत्व :**

जनसंख्यामा वृद्ध मानिसको संख्या तथा अवस्थाले ठूलो महत्व राख्दछ । सबै मानिसहरु यस अवस्थातर्फ उन्मुख रहन्छन् । सरकारी तथा गैर सरकारी तवरबाट उपलब्ध गराइएका स्वास्थ्य तथा अन्य प्रकारका सेवाहरुले गर्दा मानिसहरुको बाँच्ने सम्भाव्यता उमेर अर्थात् औसत आयु विगतको तुलनामा उच्च हुदै गएको छ । मानिसहरु जति बढी समय सम्म बाच्न सक्दछन् त्यतीनै वृद्ध मानिसको संख्या उच्च बन्दै जान्छ । यस अर्थमा हेर्दा स्वास्थ्य तथा अन्य प्रकारको सेवाहरुको साथ साथै अघि बढाउनु पर्ने आवश्यक्ता पुरा गर्ने तथा उनीहरुलाई सहयोग पुर्याउने कार्यक्रमहरु पनि साथ साथै अघि बढाउनु पर्ने आवश्यक्ता देखिन्छ । समष्टिगतमा हेर्दा वृद्ध जनसंख्याको अवस्थाको बिश्लेषणको महत्वलाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ । बुढौली उमेर को जनसंख्यालाई Dependent Population को रुपमा लिए पनि जनसाङ्ख्यीक आर्थिक तथा समाजिक दृष्टिकोणबाट यसको अध्ययनको अत्यन्तै ठूलो महत्व रहेको जसलाई निम्न बुंदामा उल्लेख गर्न सकिन्छ ।

१- खास उमेर पार गरिसके पछि मानिसहरु आर्थिक रुपमा निष्कृय बनी अरुमा आश्रित बन्न पुग्दछन् । यस्तो उमेरका मानिसहरु जती बढ्दै जान्छन् त्यती निर्भरता अनुपात बढ्दछ । यस्ले गर्दा आर्थिक रुपमा सक्रिय मानिस माथि परेको चापको बिश्लेषणमा यसले मद्दत गर्दछ ।

२- वृद्ध मानिसहरुले आफ्नो जीवनको लामो समयमा विभिन्न खालको आर्थिक, समाजिक राजनीतिक क्षेत्रका अनुभवहरु सँगालेका हुन्छन् । तिनको संरक्षण राम्रो पक्षको अनुकरण आदी प्रयोजनका लागी तिनीहरु क्रमश बिभिन्न पुस्तामा स्थानान्तरण हुदै जानु आवश्यक छ । लामो समय सम्म जीवित मानिसहरुले यस्तो अनुभव स्थानान्तरणमा सहायता पुर्‍याउँदछन् ।

३- आर्थिक रुपमा निष्कृय परिभाषित गरी वृद्ध वर्गमा राखिए तापनि उनीहरुले घरायसी कार्यमा बिभिन्न तरिकाले श्रमको आपुर्ती गरीरहेका हुन्छन् । बालबच्चाको रेखदेख तथा सानातिना आर्थिक क्रियाकलापमा उनीहरुको संलग्नता रहन्छ त्यसकारण उनीहरुको अध्ययनको महत्व छ ।

४- वृद्ध मानिसले आफ्नो विगतको जीवनकालमा परिवार, समाज तथा राष्ट्रलाई बिभिन्न तरिकाले योगदान पुऱ्याएका हुन्छन् । उनीहरुको योगदानको कदर स्वरुप उनीहरुलाई सम्मान गर्नु सबै को दाहित्व हुन्छ । यस कारण उनीहरुको अवस्थाको अध्ययनको महत्व छ ।

५- वृद्ध मानिसका आवश्यक्ताहरु अन्य उमेर समुहका मानिस भन्दा फरक प्रकृतिका हुन्छन् । आवास, मनोरञ्न, खानपिन आदीको फरक तरिकाले ब्यवस्था मिलाउनु जरुरी हुन्छ । यस्ता सुबिधाहरु के कति मात्रामा उपलब्ध गराउनु पर्दछ तथा गराउन सकिन्छ भन्ने कुराको आकलन गर्न सहयोग पु(याउछ । त्यसैले जनसंख्याको अध्ययनको महत्व छ ।

६- देशको आर्थिक बिकाशको मापकको सूचकाङ्कको रुपमा (ageing population) लाई लिन सकिन्छ । त्यस कारण यसको अध्ययनको महत्व छ ।

७- वर्तमान समयको वृद्ध जनसंख्या अध्ययनले भविष्यका वृद्धावस्थाको जनसङ्ख्याको आकलनमा नीति निर्मातालाई सहयोग पुऱ्याउँछ । त्यस कारण वृद्ध जनसंख्या अध्ययनको अवश्यकता छ ।त

**१.४ नेपालमा वृद्ध जनसंख्याको अवस्था र प्रवृत्ती**

नेपालमा ६० बर्ष भन्दा माथिको उमेरका मानिसलाई वृद्ध जनसङख्याको रुपमा लिने गरिन्छ । यस्तो ६० बर्ष भन्दा माथीको जनसङख्याको आकार तथा कूल जनसङख्यामा यस्को अंश विगतको तुलनामा क्रमशः बढेर गएको छ । शिक्षा स्वास्थ्य खानपान तथा अन्य कतिपय कुरामा भएको सुधारलाई यसको कारणको रुपमा लिन सकिन्छ जुन सकारात्मक कुरा हो । नेपालमा बिभिन्न जनगणना वर्षमा भएको कुल जनसंख्या, वृद्धीदर, कुल जनसङख्यामा वृद्धहरुको प्रतिशत तथा औसत आयुलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १ : नेपालमा वृद्ध जनसङख्याको अवस्था तथा प्रवृत्ति** ( वि.सं. २००९–२०६८ )

3. This amount is automatically adjusted by the network such that Bitcoins are always created at a predictable and limited rate.
4. Your Bitcoins are stored in your digital wallet which might look familiar if you use online banking.
5. When you transfer Bitcoins, an electronic signature is added.
6. After a few minutes, the transaction is verified by a miner and permanently and anonymously stored in the network.

More info: Bitcoin uses public-key cryptography, peer-to-peer networking, and proof-of-work to process and verify payments. Bitcoins are sent (or signed over) from one address to another with each user potentially having many, many addresses. Each payment transaction is broadcast to the network and included in the blockchain so that the included bitcoins cannot be spent twice. After an hour or two, each transaction is locked in time by the massive amount of processing power that continues to extend the blockchain. (Bitcoin blockchain is a database which holds information about all transactions.) Using these techniques, Bitcoin provides a fast and extremely reliable payment network that anyone can use.

- The Bitcoin software is completely open-source and anybody can review the code.
- Bitcoin is changing finance the same way the web changed publishing. When everyone has access to a global market, great ideas flourish.
- Let's look at some examples of how Bitcoins are already used today:

1. You can purchase video games, gifts, books, servers and alpaca socks.
2. Several currency exchanges exist where you can trade your Bitcoins for dollars, euros and more.
3. Bitcoins are a great way for small businesses and freelancers to get noticed.

4. It doesn't cost anything to start accepting them, there are no charge backs or fees and you'll get additional business from the Bitcoin economy.

## Additional Info:

- Bitcoins are sent easily through the Internet, without needing to trust any third party.
- Transactions:
  - Are irreversible by design
  - Are fast. Funds received are available for spending within minutes.
  - Cost very little, especially compared to other payment networks.
  - The supply of bitcoins is regulated by software and the agreement of users of the system and cannot be manipulated by any government, bank, organisation or individual.
- The limited inflation of the Bitcoin system's money supply is distributed evenly (by CPU power) to miners who help secure the network.
- Bitcoin is not backed by gold or other assets but it is valuable because users consider it as such. If users decide to stop using bitcoin altogether, it will lose all of its value.
- Bitcoin price (the equivalent of bitcoin in fiat currency such as the US dollar) is determined by supply and demand. You don't have to know the details of this supply and demand correlation. It's enough to understand bitcoin price is set by Bitcoin exchanges. Different bitcoin exchanges may have slightly different bitcoin prices.
- To use bitcoins, you need to have a Bitcoin wallet. There are many different wallet options to choose from. The process of setting up a wallet depends on the wallet you choose.
- Once you have a Bitcoin wallet, you can receive and send bitcoins. Refer to the usage guide for the specific Bitcoin wallet you chose.
- You can get bitcoins through bitcoin mining (using special bitcoin mining software) or by buying them from a Bitcoin exchange or from those who have bitcoins in their Bitcoin wallets (and are willing to sell them).
- You can use bitcoins to buy items at stores, online or offline, which accept bitcoin payments.

- You can exchange your bitcoins with fiat currencies such as dollar, euro, or pound through Bitcoin exchanges or by selling your bitcoins to those interested in buying them (with fiat currency as payment).
- Bitcoin transactions or the sending and receiving of bitcoins entail transaction fees. These transaction fees are usually paid for by the one sending the bitcoins. Transaction fees should be paid to ensure that the transaction is processed and verified. The transaction fees are the amounts used to pay bitcoin miners (those who do bitcoin mining) since these bitcoin miners are the ones responsible for solving the cryptographs (or highly complicated codes and mathematical problems) behind cryptocurrencies, and establishing the blockchains.
- If you were dragged to bitcoin because you heard it can get you big bucks, you have to realize it's already late to have your "bitcoin investment." Early adopters or those who have kept good amounts of bitcoins in their wallets are the ones who benefited from the bitcoin price surge in recent months. It may already be too late to make money with bitcoins as bitcoin price has already been dropping.

## REFERENCES

Androulaki, E., et al., 2012. Evaluating user privacy in bitcoin. IACR Cryptology ePrint Archive 596.

Retrieved from http://fc13.ifca.ai/proc/1-3.pdf.

Back, A., 1997. A partial hash collision based postage scheme, s.l.: s.n. Retrieved from http://www.hashcash.

org/papers/announce.txt (accessed 25.01.2015).

Back, A., 2002. Hashcash—a denial of service counter-measure, s.l.: s.n. Retrieved from http://www.

hashcash.org/papers/hashcash.pdf (accessed 25.01.2015).

BBC News, 2013. Liberty Reserve digital money service forced offline. BBC News. Retrieved from http://

www.bbc.co.uk/news/technology-22680297 (accessed 27.05.13).

Bitcoin.org, 2014. Choose your bitcoin wallet. Retrieved from https://bitcoin.org/en/choose-your-wallet.

Bitcoin Project, 2014. Frequently asked questions. Retrieved from Bitcoin.org: https://bitcoin.org/en/faq.

Brito, J., 2013. The top 3 things I learned at the bitcoin conference. Retrieved from Mercatus Center Expert

Commentary: http://mercatus.org/expert_commentary/top-3-things-i-learned-bitcoin-conference.

Brito, K., Castillo, A., 2013. Bitcoin: a primer for policymakers. Retrieved from Mercatus Center: http://

mercatus.org/publication/bitcoin-primer-policymakers.

Chaum, D., 1983. Blind signatures for untraceable payments. In: Chaum, D., Rivest, R.L., Sherman, A.T.

(Eds.), Advances in Cryptology. In: Proceedings of Crypto, vol. 82. Springer, pp. 199–203. Retrieved

from http://link.springer.com/chapter/10.1007%2F978-1-4757-0602-4_18.

Chaum, D., Fiat, A., Naor, M., 1990. Untraceable electronic cash. Adv. Cryptol CRYPTO' 88 (403), 319–327.

Chen, A., 2011. The underground website where you can buy any drug imaginable. Gizmodo. Retrieved from

http://gawker.com/5805928/the-underground-website-where-you-can-buy-any-drug-imaginable

CoinDesk, 2014. How to store your bitcoins. CoinDesk. Retrieved from http://www.coindesk.com/

Google.com

https://bitcoin.org

# पुस्तकालयको महत्व

– जानका शर्मा *

**परिचय**

'पुस्तक' र 'आलय' मिलेर पुस्तकालय शव्दको निर्माण भएको छ । जसको अर्थ हुन्छ पुस्तकालयको घर, पुस्तकको भण्डार । सदस्य वा पाठकले पढ्न पाउने विभिन्न पुस्तकहरुको संकलन पुस्तकालय हो । छापाखानाको विकासले पुस्तकालयको स्थापनामा ठूलो योगदान पुऱ्याएको छ । पुस्तकहरुको संकलन मात्र पुस्तकालय होइन । विभिन्न विषयका पुस्तकहरुको व्यवस्थित र संगठित रुप पुस्तकालय हो । विद्यालय र पुस्तकालय दुई अध्ययन गर्ने महत्वपूर्ण ठाउँहरु हुन् । ज्ञानको स्रोत पुस्तकालयबाट शिक्षक,प्राध्यापक, विद्यार्थी र जिज्ञासुहरुले धेरै फाइदा लिएका छन् । विद्यालय वा क्याम्पसले सीमित समयमा असीमित ज्ञान प्रदर्शन गर्दछन् भने पुस्तकालयले त्यही ज्ञानमा थप जानकारी गराउँदछ ।

वर्तमान समयमा पुस्तकालयको महत्व बढ्दै गएको छ । ज्ञान र विज्ञानको क्षेत्रमा नयाँ नयाँ खोज र अनुसन्धानले पुस्तकालयको महत्व झन् बढ्दै गएको छ । सवै पुस्तक कुनै व्यक्तिले किनेर सम्भव हुंदैन र साध्य पनि छैन त्यसैले पुस्तकालयको उपयोगिता र महत्व दिन प्रतिदिन बढ्दै गएको छ ।




**सामान्यतया पुस्तकालय तीन किसिमका रहेको छन्**

१. **व्यक्तिगत पुस्तकालय**

२. **संघ संस्थागत पुस्तकालय**

३. **सार्वजनिक पुस्तकालय**

व्यक्तिगत पुस्तकालय व्यक्तिको रुची अनुसार पुस्तकहरु राखिएका हुन्छन् । संघ संस्थागत पुस्तकालयमा सम्बन्धित व्यक्तिहरुका साथै संस्थालाई आवश्यकता र फाइदा पुऱ्याउने खालका पुस्तकहरुको छनोट र संकलन गरिएका हुन्छन् । सार्वजनिक पुस्तकालयहरु समाजसेवी व्यक्ति र सरकारकोतर्फबाट समेत स्थापना गरिएका हुन्छन् । सर्वसाधारण जनताले समान रुपले यसको उपयोग गर्न पाउँछन् । पुस्तकालयलाई अर्को तरिकाले पनि वर्गीकरण गर्न सकिन्छ । घुम्ति पुस्तकालय र स्थिर पुस्तकालय । माथि उल्लेख गरिएका पुस्तकालयहरु स्थिर पुस्तकालय हन् । घुम्ति पुस्तकालय निश्चित ठाउँमा पुगी तोकिएको समय अवधीभर रहेर स्थानीय जनतालाई सेवा प्रदान गरेका हुन्छन् । एकल स्थानमा राखिएका पुस्तकहरु असल मित्रको रुपमा रहेका हुन्छन् । पुस्तकालयले बौद्धिक उन्नतिमा उल्लेखनीय योगदान पुऱ्याएका हुन्छन् । ज्ञान र विज्ञानका अमूल्य निधि ब्यवस्थाको रुपमा रहेर मानव सभ्यताका ऐतिहासिक दस्तावेज बन्न सक्ने

* **हेड असिसटेन्ट** (पुस्तकालय प्रमुख) **कपिलस्तु बहुमुखी क्याम्पस, तौलिहवा क.व.**

विशेषता पुस्तकालयमा रहेको हुन्छ । ज्ञान र विज्ञानको अमूल्य निधि पुस्तकालयले शिक्षक, बिद्यार्थी, प्रशासक, सामान्य पाठक सबैका लागि महत्वपूर्ण शैक्षिक खुराकको स्रोतको रुपमा आफ्नो भूमिका निर्वाह गरेको पाइन्छ। कला साहित्य र अनुसन्धानका लागि समेत विशेष महत्व बोकेको पुस्तकालयले कुनै पनि देशको कला,साहित्य र संस्कृतिको चिनारी गराउने कार्यमा समेत योगदान पुऱ्याएको पाइन्छ ।

नेपालमा पुस्तकालयको सुरुवात करिव १४१ वर्ष पहिले तात्कालिन राजा गिर्वाण युद्ध विक्रम शाहको शासन कालमा भएको पाइन्छ । राणा शासन कालमा जनता शिक्षित हुने डरले पुस्तकालयको ज्ञानबाट बन्चित गराइयो । वि.सं.२००७ सालमा राणा शासनको पतन हुन गई बहुदलीय व्यवस्था प्रारम्भ भयो जसले शिक्षाको क्षेत्रमा नयां लहर ल्यायो र विभिन्न ठाउँमा पुस्तकालयहरुको स्थापना हुन थाल्यो । पञ्चायती व्यवस्थामा सामुदायिक पुस्तकालय प्रति हेर्ने दृष्टिकोण राम्रो थिएन । राजतन्त्रको अन्त्यसंगै सामुदायिक पुस्तकालयहरुले गतिलिन थाले । राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुले आवश्यक सहयोग प्रदान गर्न थाले । रिड नेपालको तथ्यांङ्क अनुसार हालसमम रुम टु रिडले नेपालका विभिन्न क्षेत्रमा ३६५४ पुस्तकालयहरुको स्थापना गराएको जानकारी प्राप्त भएको छ । नेपालमा हालसम्म पनि पुस्तकालय सम्बन्धि आवश्यक नीति नियम र अनुगमन गर्ने सरकारी निकाय नभएको हुनाले देशभरि कति पुस्तकालय छन् भन्ने वताउन गाह्रो छ । नेपालमा ठूलो पुस्तकालयको रुपमा परिचित त्रि.वि. केन्द्रिय पुस्तकालयको बारेमा पनि चर्चा गरिनु आवश्यक छ। यो पुस्तकालयको स्थापना १९५६ मा भएको हो । करिव १२०० पुस्तकबाट शुरु भएको यो पुस्तकालयमा हाल ३,५०,००० भन्दा बढी पुस्तकहरुको भण्डार रहेको छ । जसले विश्वविद्यालयका प्राध्यापक, शिक्षक, कर्मचारी, बिद्यार्थी लगायत सबैलाई सेवा प्रदान गर्दै आएको छ । हाल बिद्यार्थीहरुको पढ्ने संस्कृतिको विकास गरी अध्ययन, स्वतन्त्र चिन्तन जस्ता कुरालाई प्रोत्साहित गर्न ई- पुस्तकालयको आविष्कार भएको छ । अहिलेको २१ औ सताव्दीमा ई-पुस्तकालयको महत्वपूर्ण योगदान रहेको छ। पुस्तकालयलाई विधाको सागरका रुपमा लिइन्छ। यसलाई जति व्यवस्थित रुपमा प्रयोग गर्न सकियो त्यति विद्या आर्जनमा सहयोग पुग्दछ। राष्ट्रको सर्वाङ्गीण विकासमा पुस्तकालयको महत्वलाई हामी सबैले बुझ्न सकेमा पुस्तकालयको महत्व झल्किनेछ । पुस्तकालय अध्ययनमा अनुशासनको पनि अत्यन्तै महत्व हुने हुँदा यस कुरालाई पनि ध्यानमा राख्न जरुरी हुन्छ ।



कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा अवस्थित जिल्लाकै पुरानो सामुदायिक क्याम्पस, कपिलवस्तु बहुमुखी क्याम्पस २०३७ सालदेखि विभिन्न आरोह अवरोह पार गर्दै निरन्तर रुपमा संचालन हुर्दै आइरहेको कुरा सर्व विदितै छ । तराईको जिल्ला, अधिकांश किसान परिवारका छोरा छोरी अध्ययन गर्ने यो क्याम्पसले उच्च शिक्षामा मानविकी, व्यवस्थापन, तथा शिक्षाशास्त्र संकायमा स्नातक तह तथा व्यवस्थापन र शिक्षाशास्त्र संकायमा स्नातकोत्तर तह सम्मको शिक्षा प्रदान गर्दै आइरहेको छ ।

साथै यस क्याम्पसको पुस्तकालयको पनि आफ्नै व्यथा छ । शुरुका दिनहरुमा एउटा कोठाबाट पुस्तकालयको सेवा संचालन गरिएको र त्यत्ति वेलाका विद्यार्थीहरुले जुन कठिनाई भोग्नु परेको थियो वर्तमानमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि सुविधा सम्पन्न १०० जनासम्म एकै पटक अध्ययन गर्न सक्ने क्षमता भएको अध्ययन कक्ष, एउटा कार्यालय कक्ष र एउटा ठूलो बुक बैंक कोठा रहेको छ । करिव २२ वटा दैनिक, साप्ताहिक र मासिक गरी संचार एवं ज्ञान मूलक पत्रपत्रिकाको सुविधा समेत रकेको छ ।

यस क्याम्पसको पुस्तकालयमा करिव २३००० हजार पाठ्य पुस्तक रहेता पनि वर्तमान परिपेक्षमा बेला बेलामां पाठ्यक्रम परिमार्जन भई रहने र बिद्यार्थीको मांग अनुसार पाठ्य सामाग्री उपलव्ध गराउन अलि कठिनाई भोग्नु परेको कुरा साँचो हो । तर पनि हाम्रो क्षमताले भ्याएसम्म विद्यार्थीका समस्यालाई कसरी पुरा गर्दै लैजाने भन्ने कुरामा सदैव क्याम्पस प्रशासन चिन्तित रहेको र आगामी शैक्षिक वर्षदेखि EMIS पद्धतिबाट पुस्तकालय संचालन भई बिद्यार्थीहरुलाई Internet, को माध्यमबाट अध्ययन गर्ने सुविधा प्राप्त हुनेछ । साथै बिद्यार्थीहरुको सुविधाका लागि फोटोकपी, प्रिन्ट आदिको सेवा पुस्तकालयबाट प्रदान गरिने छ । आफ्ना आमा बावुले आफ्नो सन्तानबाट देख्नु भएको सपनाका साथै भविष्यका देशका कर्णधार प्यारा बिद्यार्थी भाई बहिनीहरुलाई अत्यन्तै अनुशासित, लगनशील भएर आफ्नो अध्ययन कार्यलाई सदैव अगाडि वढाउन अनुरोध गर्दै यहाँहरुको उज्जवल भविष्यको कामना गर्दछु ।

धन्यवाद

# Science& Technology

- Radhey Shyam Mishra *

## Technology are for society

The key to future progress for mankind lies in the realization of "Science and Technology for Society, and in society." The current state of science and technology and issues confronting it, are examined form the viewpoint of "Science and Technology for Society."

## Contributing to Society through Knowledge Creation and Utilization

Scientific and Technological activities refers to the elucidation of unknown phenomena and to the creation of new knowledge through the discovery of new natural laws and principles, and the new knowledge obtained is then utilized in the real society , the essence of how sciences and technology contributes to knowledge to boost the prosperity of human lives, and to solve the various issues facing society.

with the shift to a knowledge-based society well underway in the opening years of the 21th century, the creation of new knowledge is an increasingly important aspect of scientific and technological activities, and the role of science in this knowledge creation is important for the realization if "Science and Technology for Society"

The relationship between science and technology and society, can be described by the example of rain falling on the mountain. Rain that has fallen on a mountain does not immediately wash away downhill. First, it is captured and stored by forests, giving life to trees and other vegetation and creating a verdant landscape. The can be compared to the accumulation of scientific knowledge and the continuing search for truth, obtained through basic research and perhaps demonstrates the science has intrinsic value in itself. Meanwhile, the rain water stored in the forest bubbles out from spring and flows downhill in a steadily widening stream. A single stream flow can

* **Teaching Asst., KapilvastuMultiple Campus,Taulihawa K.V.**

separate into a large number of sub-flows, and sometimes the flow can go underground into a subterranean to the network. This situation can be compared to the diversity of research and development that can arise based on scientific knowledge, leading to the planting of various new technological seeds. Eventually, the river reaches farming communities and urban cities, where it is utilized for drinking water and other household purpose, for various other needs, universally benefiting all aspect of society. This is equivalent to research and development resulting in practical technologies that boost the prosperity of the people's society and lives, and to the utilization of science and technology in response to various issues facing society. If the forest fails to capture a sufficient amount of the falling rain, society will quickly be faced with drought and people will not be able to live. in the same way, realization of societal progress through science and technology requires a sufficient accumulation if scientific knowledge. In other words, science can be considered to be the foundation strength is not something that can be acquired in a single day or night, but instead requires a steady, continuous build-up.

## Relationship between science and technology and society

The section looks at science as the foundation for realizing "science and technology for society." with a focus on the natural sciences.

## Contribution of Human Civilization (Societal Significance of Science)

Where technology has developed in close relationship to the convenience and prosperity of human life since before the advent of recorded history, science originated from natural philosophy and was supported by people's intellectual curiosity. The main objective of science has been elucidation of how nature is put together and operates and it has developed as a separate entity for technology. Of course, while technological progress was backed up by various scientific advances, this does not mean that scientific research was conducted for the purpose of developing new technologies, rather, scientific knowledge was utilized only because it was available. In fact, it was more common for new technologies to be developed

in order to pursue scientific research. After the Industrial Revolution, the separate path by science and technology began to move close together. Significant, the concept of linking scientific results to technology for utilization is society become prevalent after around 1850, which is when a chemical industry began to develop based on utilization of knowledge about chemistry, and electrical technologies arose based on knowledge about electromagnetism. Nevertheless, science has moved away from being the business of the intellectual world, with scientific results now pioneering the frontiers of human activates. Science also has become a major influence on people's sense of values, changing the nature of society and becoming the engine driving society's progress form the viewpoint of civilization.

# विद्यार्थीलाई खोज तर्फ लैजाऔ

– मणि प्रसाद गैह्रे *

पछिल्लो समयमा आएर विश्वमा वैज्ञानिकहरुको आविष्कारको कारण छोटो समयमा नै विश्वमा विभिन्न आविष्कार तथा अन्य विकासका कामहरुले तीव्रता पाएको छ । स्वास्थ्य, विज्ञान, संचार तथा प्रविधि लगायतका क्षेत्रमा विश्व समुदायको प्रयोगको कारण पछिल्ला वर्षहरुमा नेपालमा पनि त्यसको विकास र प्रयोग हुंदै आएको छ । भूपरिवेष्ठित देश तथा विकास उन्मुख देश भए पनि नेपालमा पनि विज्ञान र खोजको अभ्यास धेरै नभए पनि प्रयोग र केही स्थान र क्षेत्रमा यसको प्रयोग हुन लागेको छ । अन्य प्राणी भन्दा मानव एक विवेकशील र सामाजिक प्राणी भएकाले मानवले केही न केही समस्या परेमा कसरी समाधान गर्ने वा यो कसरी भयो भन्ने कुराहरु सधै गरिरहन्छ  मानिस केही नौला कुराको खोजी गरिरहन्छ । यही खोजी गरिरहने बानीलाई साहित्यिक भाषामा अनुसन्धान भनिन्छ। अनुसन्धान शब्दका पर्यायवाची शब्दहरूमा खोज, शोध, आदि प्रचलित रहेका छन् । वच्चाहरुले समेत आमाबाबालाई यो वस्तु के हो, यो कसरी भयो भन्ने जिज्ञासा गरेका हुन्छन् ।

विकास, शिक्षा ज्ञानका सबै क्षेत्रमा अनुसन्धान कार्यको आवश्यकता पर्ने गर्दछ । अनुसन्धानले नै ज्ञानलाई परिपूर्णता तिर अग्रसर गराउंछ । अध्ययनका प्रायः प्रत्येक क्षेत्रमा यसको महत्व रहेको छ । यसैले अहिलेको वैज्ञानिक युगमा अनुसन्धान विषय एउटा स्वतन्त्र ज्ञानको विषयको रूपमा स्थापित भइसकेको छ । विभिन्न विश्वविद्यालयमा होस वा अन्य क्षेत्रमा यस विषयको स्वतन्त्र रूपमा पाठ्यक्रम निर्माण गरी पठनपाठन कार्य भइरहेका छन् । अनुसन्धानले विद्यमान जानकारीलाई शुद्ध गरी अद्यावधी गर्दै अगाडिका दिनहरूका लागि दिशानिर्देश दिने कार्यसमेत गर्दछ ।

विद्यार्थी भनेको शिक्षाआर्जन गर्ने व्याक्ति हुन जुन सुकै विषय लिएपनि शिक्षा प्राप्त गर्नको लागी अध्ययन अनुसन्धान गर्न जरुरी छ । पहिले पहिले विज्ञान विषयलाई मात्रखोज विषयको रुपमानिने गरिन्थ्यो तर अहिले सबै विषयहरुमा खोज विधि र अन्वेषण विधि अनिवार्य हुदै गएको छ । वर्तमान समयमा शिक्षा विद तथा अन्य क्षेत्रका दार्शनिकहरुले समेत खोजमा आधारित  शिक्षा वा विद्यार्थी केन्द्रित विधि शिक्षण गर्न आवश्यक भएको औल्याइएको छ। नेपालमा पनि व्यवस्थापन अध्ययन गर्दा कम्पनी तथा वैंकहरुको अध्ययन गर्नुपर्ने उत्पादन लागत पत्ता लगाउनुपर्ने, मानविकी अध्ययन गर्दा समुदायको विकास वा समस्याको बारेमा खोज गर्नुपर्ने शिक्षा विषयमा शैक्षिक समस्या वा विद्यार्थीका समस्या पत्ता लगाउनु पर्ने प्रावधान विश्वविद्यालयल नै परिपत्र गरी पाठ्यकम विकास गरेको छ। सामान्य अर्थमा विद्यार्थीहरुमा घोकेर वा स्वअध्ययन गरेर केवल परीक्षामा उत्तीर्ण गर्ने भन्ने मनसायले पठन पाठन गरेको

* शिक्षण सहायक, कपिलवस्तु बहुमुखी क्याम्पस, तौलिहवा क.व.

पाइन्छ । यस्तो अध्ययन क्षणिक रुपमा प्रमाण-पत्र पाउन सकिन्छ होला तथा भविष्यमा वा दैनिक जीवनवा सम्वन्धीत कार्य क्षेत्रमायसले केही योगदान दिदैन । धेरै गर्न नसकिए पनि विद्यालयवा शैक्षिक संस्थामा सामान्य खोज विधिको लागि साम्रागी संकलन गरेर विद्यार्थीहरुलाई अभ्यास गराएर निचोड निकाल्न सकिन्छ । अभ्यासले नै मानिसलाई पूर्ण बनाउदछ भन्ने सिद्धान्तमा आधारित भएर शैक्षिक संस्थामा पठन पाठन गराएमा तल्लो तह वाट नै विद्यार्थी खोज तथा अन्वोषण गर्न लाग्दछ वा प्रेरित हुन्छन् ।

विगतमा पनि नेपाली संस्कृति र परम्परामा कि गरेर जानिन्छ कि परेर जानिन्छ भन्ने उखान थियो । वास्तविक विद्यार्थी वा शिक्षा क्षेत्रमा यो उखान शतप्रतिशत नै वास्तविक मेल खानगएको छ । थर्नडाइकको सिकाइ नियम वा सिद्धान्तमा पनि भनिएको  छ । तयारीको नियम, अभ्यास र असरको नियम यो पनि खोज र अभ्यासमा आधारित शिक्षण सिकाइमा आधारित सिद्धान्त हो । यी सामान्य उदारण मात्र हुन वर्तमान खोज र प्रविधिको समयमा अन्वेषण विधि अपनाउनु पर्ने जरुरी छ । विद्यार्थीहरुको लागि अहिलेको आधुनिकयुगमा सूचना र प्रविधीका अधिकतम प्रयोग गर्न सक्नुपर्दछ ।घरमै बसेर पनि विश्वका खोज अनुसन्धान समस्या तथा समाधानका उपायहरु खोज्न सकिने वेला छ  । विभिन्न क्षेत्रका अवसर त्यसको सदुपयोग गर्नको लागि शिक्षकको परामर्श र विद्यार्थीको चनाखोपन हुनु पर्दछ । वर्तमान समयमा विद्यालय तथा क्याम्पसहरुमा लगभग संचार, इमेल, इन्टरनेटको पहुंच छ । शिक्षक तथा प्रशासनिक निकायले केही रकम भएपनि सूचना तथा प्रविधीको क्षेत्रमा खर्चिनु जरुरी छ । आजका विद्यार्थी हाम्रा भोलिका देशका कर्णधार हुन सबै सिकाउन नसकिए पनि शिक्षककले खोज अनुसन्धानको क्षेत्रमा बाटो देखाए पछि विस्तारै विद्यार्थी वानी परेर खोज तर्फ लाग्न सक्छन् । विश्वमा आज खोज दिन प्रतिदिन भए पनि खोज अझै गर्न पर्ने वेला छ खोज सधै चलि रहन्छ भन्ने प्रमाण आएका छन् । हिजो सम्म एड्स रोगको औषधी छैन उपचार सम्भव छैन भनेर त्यसलाई निको पार्न खोज जारी रहेको अवस्थामा सन् २०१९अन्तिमा आएर चिनको वुहान बाट देखा परेको कोरोना भाइरसले आज विश्वका सवै देशलाई आक्रान्त पारेको छ । महामारी नियन्त्रण गर्नको लागिअझै पनि औषधी तथा खोप पत्ता लगाउन सकिएको छैन वैज्ञानीकहरु कसरी व्यवस्थापन गर्ने भनेर अन्वेषणमा नै लागि रहेका छन् । तर्सथ विद्यार्थीहरुले वर्तमान समयमा अध्ययन गर्दा किताबी ज्ञानले पुग्छ, परीक्षाहो उत्तीर्ण गर्नको लागी मात्र तयारी गर्ने हो भन्ने सोच लाई वदल्ल जरुरी छ । प्रयोगात्मक अभ्यासको नाममा परिक्षा समयमा आएर केहीकाम गराए जस्तो गराउने र कर्मकाण्डी गर्ने जस्तो प्रकृया अपनाउनुले पनिखोज र अध्यास विधीमा नेपालमा समस्या देखा परेको छ । यसको लागी योजना निर्माण गरी समयमै व्यवस्था गरी वास्तविक फिल्डमा नै काम गर्न सक्ने वातावरण मिलाउनु विषय शिक्षक र शैक्षिक संस्थाका प्रशासकहरुको ध्यानजानु जरुरी छ । आजका विद्यार्थी भोलि देशविदेश वा समुदायमा काम गर्ने हो त्यसको लागी अवस्था विश्लेषण गर्न सक्ने, समस्या संग मुकाविला गर्न सक्ने र भविष्यमा यस्ता समस्या आउन सक्छन त्यसको पुर्वतयारी यो गर्न पर्दछ भन्ने तर्फ विद्यार्थीको ध्यान

केन्द्रित हुन जरुरी छ । प्रविधिकको उच्चतम प्रयोग, समस्याको समाधानको लागि अध्ययन र अनुसन्धानमा लगाव गर्न जरुरी छ । प्राविधिक कलेज तथा क्याम्पस मात्रखोज गर्न सक्छन अनुसन्धान गर्न सक्छन भन्ने भ्रम चिर्नका लागि सामान्य सैद्धान्तिक विषय अध्ययन हुने क्याम्पस तथा कलेजहरुले पनि सम्वन्धित विषयमा खोज अनुसन्धान गरेर समुदाय र देशमा परिवर्तन गर्न सक्छन । दक्ष जनशक्ति उत्पादन गर्न सकिन्छ । त्यसको लागि शिक्षा विद् पाठ्यक्रम निर्माताले त्यस्ता विषयहरुलाई पठनपाठन गर्ने व्यवस्था मिलाउन सक्नुपर्दछ । त्यस्तै शैक्षिक संस्थाहरुले पनि खोज विधिलाई व्यवहारमा ल्याउन जरुरी छ । तल्लो तहका विद्यार्थीहरुमा अभ्यास तथा खोज मुलक कार्यमा लगाउन सकेमा माथिल्लो तहमा जादा विद्यार्थी स्वयम् खोज तथा अनुसन्धानमा लगाव राखी शिक्षक संग समस्याहरु राख्न जान्छ । त्यस्तो वातावरण निर्माण गर्नको लागि अनुसाशीत विद्यार्थी, मेहनती र खोजी नीति गर्ने शिक्षक, सामग्री व्यवस्थान र उक्त विधि अपनाउन पर्ने वातावरण मिलाउने शैक्षिक संस्थाका प्रशासक र पाठ्यक्रम विकास केन्द्र र शिक्षा नीति आवश्यक पर्दछ ।

# "देश उठ्न पर्छ"

वीरेन्द्र कुमार पाण्डेय *

पुर्खा थिए अति बहादुर गोरखाली ।
राखे संधै मुलुक यो शिरमा उचाली ।
अंग्रेज भारत पसी अधिनस्थ पारे ।
हारेन देश कहिले न त वीर हारे । १

ती वीरका रगतको वलिदान वाट ।
कैले झुकेन नेपाली उचो ललाट ।
कान्ला पहाड वन जंगल त्यो चिरेर ।
हिड्थे बहादुर संधै खुकुरी भिरेर । २ ।

त्यो मूल्यवान पसिना अनि रक्त धारा ।
हाम्रा वने सरल जिवनका सहारा ।
प्राणै दिएर पनि जोगिनु पर्छ देश ।
भन्थे सदैव शुभ चिन्तक निर्मिशेष । ३ ।

यो देश भित्र रहने सब दाजुभाई ।
वस्थे मिलेर घर भित्र सदा रमाई ।
तेरो पहाड र मधेश हिमाल मेरो ।
हाल्दैनथे मुलुक खण्डित गर्न घेरो । ४ ।

पैंचो र सापट लिने र दिने गरेको ।
सौहार्दपूर्ण शुभ भाव मिली भरेको ।
नेपाल भित्र दिल भित्र सदा गडेको ।
सिङ्गो अखण्डित सुमार्ग लिंदै बढेको । ५ ।

पहाड लेक र हिमाल मधेशलाई ।
हत्या गरेर कसको कहाँ छ भलाई ।
लुच्चा पचास जनको अभिशप्त बोली ।
लाग्दैछ यो मुलुक माथि बनेर गोली । ६ ।

संघियता छ अहिले अनि लोकतन्त्र ।
निर्माण चरणको अति मुख्य मन्त्र ।
साकार पार्न जनता सव जुट्नु पर्छ ।
यो देश नै सफलता तिर उठ्नु पर्छ । ७ ।

* शिक्षण सहायक, कपिलवस्तु बहुमुखी क्याम्पस, तौलिहवा क.व.

# "मेरो लोग्नेको घर"

**साक्षी पाण्डेय**
(बि.एड.(एक बर्षे)

---

हो यो मेरो लोग्नेको घर
तर
म कति भाग्यमानी
यो घरलाई म आफनो भन्न सक्छु

कति माया गर्छ यो घरले मलाई
बिहान उठेर
तिमि नै मलाई सफा गरिदेउ भन्छ
नत्र ऊ भित्र लच्छिन पस्दैन रे
कति पवित्र मान्छ मलाई

मन पर्दैन उसलाई
म भन्दा पहिला कोही भान्सामा छिर्यो भने
चुलो भन्छ
तिमले नै सुम्सुम्याउ मलाई
भाँडाकुडा भन्छन्
तिमीले बाहेक अरुले छोएको मन पर्दैन

कति माया गर्छ यो घरले मलाई
चाहे योग्यता जति सुकै होस्
विषय जे सुकै होस्
केही मतलब गर्दैन
ओभरटाइम जागिर दिन्छ
त्यो पनि
गाँस र बासको सुविधा सहित
अझ
आफनै हातले पकाएको

मन पर्दैन मलाई
यो घरको कपडा अरुले धोएको
अनि
यो घरको बाथरुम अरुले सफा गरेको
उसले भन्छ
बरु आज नभ्याए भोलि गर
तर
तिम्रो जागिर खोसेर
अरुलाई दिन सक्दिन म

कति माया गर्छ यो घरले मलाई
आफू जन्मेको घरलाई
मेरो घर भन्न सक्दिन म
आफू खेल्दै हुर्केको आँगनलाई
मेरो आँगन भन्न सक्दिन म

आफनो पुर्खाको

एक चिम्टी माटो पनि
मेरो माटो भन्न सक्दिन म
तर
मेरो लोग्नेको घरलाई
म निर्धक्क मेरो घर भन्न सक्छु

आशा छ
अझै संयौ वर्ष सम्म
मेरा छोरी नातिनीहरुले पनि
यसरी नै
भन्न सक्नेछन्
मेरो घर
आफनो लोग्नेको घरलाई ।

# कपिलवस्तु बहुमुखी क्याम्पसः एक विवेचना

– चन्द्रकान्त शर्मा *

## कपिलवस्तु बहुमुखी क्याम्पसको पृष्ठभूमि

शैक्षिक क्षेत्रमा अत्यन्त पछाडि परेको यस जिल्लालाई उच्च शिक्षाको क्षेत्रमा ठोस योगदान पुऱ्याउने विशुद्ध उद्देश्य राखी वि.स.२०१६ सालमै यहांका स्थानीयवासी, शिक्षाप्रेमी, समाजसेवी तथा प्रशासनिक व्यत्तित्वहरुको सकिय संलग्ता एवम् सहभागितामा कपिलबस्तु इण्टरमिडियट कालेजको स्थापना भई भारतीय पुस्तक एवम् शिक्षकहरुको सहयोगमा क्याम्पस सञ्चालनमा आयो यहाँका मानिसहरुले खुशीको अनुभूति गरे तर त्यो चिरस्थायी हुन सकेन र जन्म संगसगै तुहिन पुग्यो । कपिलबस्तु बासीको पटक पटकको प्रयास असफल हुन पुगे जसले गर्दा शिक्षाको उज्यालो प्रकाशबाट जिल्ला वञ्चित हुन पुग्यो । चौथो पटकको अनवरत प्रयास स्वरुप वि.स.२०३७ सालमा जनताको आफनै सामुहिक लगानीमा कपिलवस्तु बहुमुखी क्याम्पस एक सामुदायिक शैक्षिक धरोहरका रुपमा स्थापित हुन सफल भयो सुरुमा प्रमाण पत्र तहमा मानविकी र व्यवस्थापन तहमा कक्षा शुरु गरिएकोमा वि.स. २०४५ साल देखि स्नातक तहमा कक्षाहरु सुरु गरिए । पछि आएर विभिन्न विषयहरु थप गर्दै एक सवल सक्षम शैक्षिक थलोका रुपमा आफ्नो पहिचान हुदै यस क्षेत्रमै शैक्षिक कान्ति गर्न सफल रहयो ।

यस क्याम्पसका विभिन्न आरोह अवरोहमा यस क्षेत्रका प्राय सबै व्यक्तिहरुको आ-आफनै यो गदानले क्याम्पसले निरन्तरता प्राप्त गर्न सक्यो तर यसको आर्थिक भार भने व्यवस्थित हुन सकेन जस्ले गर्दा आवश्यकता अनुरुप भवन फर्निचर पुस्तक तथा वर्तमानका संचार साधन यातायात, छात्रवास आदिको समुचित व्यवस्था हुन नसकी आशातीत उद्देश्य पूरा गर्न अप्ठ्यारो सिर्जना भएको यस परिप्रेक्ष्यमा जिल्लावासी सरकार तथा अन्य सबै संग महान पूण्यकार्यमा हरेक पक्षबाट सहयोग पारितको लागि हार्दिक आभार व्यक्त गरिन्छ ।

### १) शैक्षिक प्रगति :

यस क्याम्पसमा संचालनमा रहेका बिभिन्न शैक्षिक कार्यकम अर्न्तगत विगत ३ बर्षमा बिद्यार्थी भर्ना दर विश्लेषण, बिद्यार्थी उत्तीर्ण दर विश्लेषण तहपार प्रवृति विश्लेषण तथा शैक्षिणिक गतिविधिहरु आदि यस प्रकार रहेको देखिन्छ ।

### १.१) गत ३ बर्षको बिद्यार्थी भर्ना दर विश्लेषण :

यस क.ब.क्याम्पसमा पछिल्ला ३ बर्षको अवधिमा स्नातक तथा स्नातकोत्तर तहका बिभिन्न संकायहरुमा भर्ना भएका विद्यार्थीहरुको विवरण निम्नानुसार रहेको छ ।

* सहायक प्रशासक , कपिलवस्तु बहुमुखी क्याम्पस, तौलिहवा क.व.

| शैक्षिक बर्ष | २०७२।०७३ | | | | २०७३।०७४ | | | | २ ०७४।०७५ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तह | जम्मा | छात्रा | इ.डि.जे. | दलित | जम्मा | छात्रा | इ.डि.जे. | दलित | जम्मा | छात्रा | इ.डि.जे. | दलित |
| BA I | ४ | १ | | १ | ४ | १ | १ | | ८ | २ | ३ | १ |
| BA II | ३ | ३ | २ | | ३ | १ | | | ३ | १ | | |
| BA III | २ | २ | १ | १ | | | | | ३ | १ | | |
| BBS I | ५७ | १९ | ४४ | ६ | ७३ | २० | ३० | ४ | ८३ | २३ | ३५ | ११ |
| BBS II | ५३ | २१ | ३५ | ६ | ४० | १८ | १३ | ६ | ५९ | २१ | १८ | ४ |
| BBS III | ४५ | १८ | ३१ | ७ | ३६ | ७ | १८ | १ | ३४ | १६ | ११ | ४ |
| BBS IV | | | | | ४३ | १७ | १२ | ५ | २४ | ७ | ९ | १ |
| B ED I | ७५ | ३५ | ५६ | ११ | ७७ | ४० | २४ | ६ | ७९ | ३५ | २५ | ९ |
| B ED II | ५९ | २५ | ४४ | ८ | ५४ | ३० | १३ | ८ | ४८ | २८ | १२ | ६ |
| B ED III | ७३ | ३५ | ४८ | ८ | ४५ | २० | १९ | ५ | ४९ | २८ | १० | ८ |
| M ED I | ५ | १ | २ | १ | ११ | ६ | | | | | | |
| M ED II | ७ | ३ | २ | | | | ३ | | ७ | ३ | | १ |
| MBS I | १० | ७ | ४ | | ३ | १ | | | ४ | १ | १ | |
| MBS II | ६ | ३ | ४ | १ | | | | | | | | |
| जम्मा | ३९९ | १७३ | २७३ | ५० | ३८९ | १६१ | १३३ | ३५ | ४०१ | १६६ | १२४ | ४५ |

वर्तमान शैक्षिक शत्र (२०७५।०७६) का विद्यार्थीहरुको भर्ना सम्बनिध विवरण निम्नानुसार रहेको छ ।

| तह | जम्मा | छात्रा | इ. डि. जे. | दलित | कैफियत |
|---|---|---|---|---|---|
| BA I | १४ | ४ | ५ | ३ | |
| BA II | ३ | १ | १ | ० | |
| BA III | ३ | १ | १ | १ | |
| BBS I | ७२ | २६ | २३ | ११ | |
| BBS II | ६३ | २१ | ३१ | ४ | |
| BBS III | ३८ | १० | २२ | १ | |
| BBS IV | ३२ | १५ | १२ | ३ | |
| B ED I | ८२ | ३५ | ३० | १२ | |
| B ED II | ६० | ३३ | २० | ३ | |
| B ED III | ४३ | २५ | १४ | २ | |
| B.Ed IV | ४३ | २७ | ७ | ६ | |
| M ED I | ४२ | १४ | १८ | ६ | |
| M ED II | ० | ० | ० | ० | |
| MBS I | २९ | ३ | १४ | १ | |
| MBS II | ३ | १ | २ | ० | |
| जम्मा | ५२७ | २१६ | २०० | ५३ | |

## १.२) गत ३ बर्षको बिद्यार्थी उत्तीर्ण दर विश्लेषण :

| बर्ष | २०७२।०७३ | | | | २०७३।०७४ | | | | २०७४।०७५ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तह | जम्मा नियमित परिक्षार्थी | जम्मा उत्तीर्ण बिद्यार्थी | उत्तीर्ण छात्रा | उत्तीर्ण इ.डि.जे | जम्मा नियमित परिक्षार्थी | जम्मा उत्तीर्ण बिद्यार्थी | उत्तीर्ण छात्रा | उत्तीर्ण इ.डि.जे | जम्मा नियमित परिक्षार्थी | जम्मा उत्तीर्ण बिद्यार्थी | उत्तीर्ण छात्रा | उत्तीर्ण इ.डि.जे |
| BA I | १ | ० | ० | ० | ३ | २ | ० | ० | ४ | २ | ० | ० |
| BA II | ३ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ | १ | ० |
| BA III | २ | १ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| BBS I | ५७ | ४ | २ | ३ | ४९ | १३ | ५ | ५ | ६२ | ४ | १ | २ |
| BBS II | ५३ | ९ | ४ | ६ | ३५ | ५ | २ | ३ | ३६ | ८ | ३ | २ |
| BBS III | ४५ | ११ | ४ | ५ | ४६ | १६ | ६ | ९ | ३३ | ५ | २ | २ |
| BBS IV | ० | ० | ० | ० | ० | ० | ० | ० | ४२ | १० | ४ | ४ |
| B ED I | ७५ | ५ | १ | ४ | ५९ | १२ | ७ | ३ | ५४ | १० | ५ | ३ |
| B ED II | ५९ | १७ | ९ | ११ | ५४ | १० | ३ | ४ | ५२ | ११ | ८ | ३ |
| B ED III | ७३ | २२ | ११ | १३ | ७२ | १२ | ५ | ६ | ४२ | १७ | ८ | ७ |
| M ED I | ५ | ० | ० | ० | ५ | १ | ० | ० | १० | २ | ० | १ |
| M ED II | ७ | ० | ० | ० | ० | ० | ० | ० | ५ | ० | ० | ० |
| MBS I | १० | ० | ० | ० | ५ | १ | १ | ० | १ | ० | ० | ० |
| MBS II | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३९६ | ६९ | ३१ | ४२ | ३३० | ७२ | २९ | ३० | ३४४ | ७२ | ३२ | २४ |

**बिगत ३ बर्षको बिद्यार्थी उत्तीर्ण दर प्रबृति विश्लेषण:**

यस क्याम्पसको स्नातक तथा स्नातकोत्तर तहमा पछिल्लो ३ वर्षमा उत्तीर्ण सम्पूर्ण विद्यार्थीको संख्या अनुसार औसत उतीर्ण दर यस प्रकार देखिएको छ ।

| शैक्षिक सत्र | जम्मा वि.स. | उत्तीर्ण वि.स. | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| २०७२।०७३ | ३७३ | ६८ | १८.२३ |
| २०७३।०७४ | ३३० | ७२ | २१.८१ |
| २०७४।०७५ | ३४४ | ७२ | २०.९३ |

यस क्याम्पसबाट विगत ३ बर्षमा नियमित परिक्षार्थीका रुपमा जम्मा ३७३ जना विद्यार्थीले २०७२।०७३ मा परीक्षामा सामेल भएकोमा जम्मा ६८ जना बिद्यार्थी उत्तीर्ण भई १८.२३ प्रतिशत बिद्यार्थीले सफलता हासिल गरेको देखिन्छ भने २०७३।०७४ मा नियमित बिद्यार्थी ३३० मध्ये ७२ जना उत्तीर्ण भई गत बर्षको तुलनामा २१.८१ प्रतिशत बिद्यार्थीले सफलता प्राप्त गरेको देखिएको छ । यसै गरि  २०७४।०७५मा सम्मिलित भएका कुल बिद्यार्थी संख्या ३४४ मध्ये ७२ जना मात्र उत्तीर्ण गरि २०.९३ प्रतिशत हासिल गर्न सफल भएका छन ।

## १.३) विद्यार्थीको तहपार प्रवृति विश्लेषण

यस क्याम्पसवाट आफ्नो अध्ययन कार्य सम्पन्न गरी स्नातक तथा स्नातकोत्तर तहमा भएको विद्यार्थीहरुको कुल संख्या, छात्रा, इ.डि.जे. र दलित विद्यार्थीहरुको विवरण निम्न वमोजिम छ ।

| शैक्षिक बर्ष | २०७२।०७३ | | | | २०७३।०७४ | | | | २०७४।०७५ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तह | जम्मा | छात्रा | इ.डि.जे. | दलित | जम्मा | छात्रा | इ.डि.जे | दलित | जम्मा | छात्रा | इ.डि.जे | दलित |
| BBS | १२ | ३ | ९ | ० | ८ | १ | ३ | २ | १३ | ५ | ६ | १ |
| B.Ed. | २० | ६ | १४ | ० | १४ | ६ | ४ | १ | १० | २ | ४ | १ |
| B.A. | ४ | १ | ३ | ० | १ | | १ | ० | ० | ० | ० | ० |
| M.Ed. | १ | | १ | ० | २ | १ | १ | ० | १ | ० | ० | ० |
| M.B.S. | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३७ | १० | २७ | ० | २५ | ८ | ९ | ३ | २४ | ७ | १० | २ |

कपिलबस्तु जिल्लाको सदरमुकाम तौलिहवामा अवस्थित यस क्याम्पसले विगत लामो समय देखि उच्च शिक्षाको क्षेत्रमा धेरै उत्कृष्ट र रचनात्मक कार्यहरु गर्दै आएको छ। यस क्याम्पसबाट स्नातक तह उत्तीर्ण भई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरिमामय समेत पुगेको अवस्था छ। विगत ३ बर्षलाई नियाल्ने हो भने २०७२।०७३ मा जम्मा ३७ जनाले स्नातक तह पुरा गरेकोमा १० जना छात्रा र २७ जना इ.डि.जे. समुहबाटै परेका छन् जुन उत्साहवर्धक छ । यसै गरी २०७३।०७४ मा हेर्दा उत्तीर्ण सख्या पहिलेको तुलनामा कम भई २५ जना मात्र रहेको छ। जसमा ८ छात्रा, इ.डि.जे. को संख्या ९ र दलित समुहबाट ३ जना मात्र परेका छन । यसै गरी २०७४।०७५ मा हेर्दा उत्तीर्ण सख्या पहिलेको तुलनामा कम भई २४ जना मात्र रहेको छ जसमा ७ छात्रा छन् । यस वर्षमा उत्तीर्ण विद्यार्थी मध्ये इ.डि.जे. को संख्या १० र दलितको संख्या २ मात्र रहेको छ । यसरी तहपार प्रवृतिलाई हेर्दा यस क्याम्पसमा अध्ययन गर्न आउने अत्यन्त न्यून आय स्रोत भएका दूर दराजका विद्यार्थीहरुको उपस्थिति र उनीहरुले पाएको सेवा लाई हेर्दा क्याम्पसको भूमिका अत्यन्त सराहनीय देखिन्छ । क्याम्पसको पठन पाठन बिद्यार्थी संख्या तथा अन्य क्रियाकलापहरु समाज, भौगोलिक अवस्था, विभिन्न सुविधाहरु आदि धेरै निर्धारकहरुले फरक पार्दछन् । सो लाई गहन रुपमा विश्लेषण गर्ने हो भने क्याम्पसको उपलव्धिलाई उत्साहजनक मान्न पर्ने हुन्छ ।

### १.४) शैक्षिक कार्यक्रमहरू

यस क्याम्पसले त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी संचालनमा ल्याएका कार्यक्रमहरु यस प्रकार छन् ।

| तह | कार्यक्रम | सम्वन्धन मिति | कैफियत |
|---|---|---|---|
| स्नातकोत्तर | M.Ed | २०६७।०४।०९ | |
| | M.B.S | २०७०।०९।३० | |
| स्नातक | B.A | २०४७।०७।२१ | |
| | BBS | २०४७।०७।२१ | |
| | B.Ed | २०६३ | |

यस क्याम्पसको प्रारम्भिक चरणमा मानविकी र ब्यवस्थापन संकायका प्रमाणपत्र तहका कक्षाहरु संचालन भइ आएकोमा वि.स. २०४७ साल पछि स्नातक तहमा मानविकी र ब्यवस्थापन संकायका कक्षाहरु संचालन हुदै गए यसै क्रममा वि.स. २०५२/५३ साल देखि क्याम्पसको आय स्रोत बढाउने उद्देश्यले २०६२/६३ सम्म सि.एम.ए., ओभरसियर तथा एच.ए. (आयुर्वेद) संचालनमा आए तर २०६२/६३ मा यी सबै कार्यक्रमका साथै त्रि.वि को प्रमाणपत्र तह समेत फेज आउट भयो । वि.स.२०६३ सालबाट स्नातक तहको शिक्षा शास्त्र संकायको कक्षा संचालनमा आए । यसरी क.ब. क्याम्पसले आफूलाई सबल र सक्षम बनाउदै स्नातक तहका मानविकी, ब्यवस्थापन र शिक्षा संकायका कक्षाहरलाई निरन्तरता दिदै गयो । २०६७ साल देखि शिक्षा संकायको स्नातकोत्तर तहमा ई.पि.एम. र हेल्थ विषयको पठन-पाठन सुरु गरियो भने वि.स. २०७५ साल देखि नेपाली र अंग्रेजी विषयमा पनि कक्षा संचालन भयो । २०७० साल देखि एम.बि.एस का कक्षाहरु पनि संचालनमा आए । क्याम्पसले आफ्नो भौतिक तथा मानव संसाधनको समुचित प्रबन्ध मिलाई यस जिल्लाको अभिभावक तथा विद्यार्थीको मागलाई विशेष रुपले ध्यान दिई ब्यवस्थापन तर्फका बि.बि.ए., बि.एस.सी.का कक्षाहरु निकट भविष्यमा थप गर्ने योजना बनाएको छ ।

### १.५) शैक्षणिक क्रियाकलाप

यस क.ब.क्याम्पसले स्वयम्लाई समय सापेक्ष प्रभावकारी शैक्षिक थलोको रुपमा अगाडि बढाउन तथा आजको आवश्यकतालाई पुरा गर्न सक्ने जनशक्ति उत्पादन गर्नका लागि समेत निम्न प्रकारका शैक्षिक गतिविधिहरु अवलम्वन गर्दै आइरहेको छ । साथै सो मा अझ सुधारका लागि प्रयत्नशील छ ।

### १.५.१) प्रवेश मूल्यांकन परीक्षा

बिभिन्न क्षेत्रबाट यस क्याम्पसमा अध्ययन गर्न आउने सबै बिद्यार्थीहरुले अनिवार्य रुपमा उनीहरुको क्षमता तथा स्तर पत्ता लगाई सोही अनुरुप शैक्षिक गतिविधी संचालन गर्ने हेतु प्रवेश मुल्यांकन परिक्षा लिने गरिन्छ । यसका साथै Group Discussion तथा अन्तरवार्ताको माध्यमबाट विद्यार्थी छनोट गरी भर्ना गर्ने प्रारुप रहेको छ ।

### १.५.२) कक्षा टेष्ट

क्याम्पसमा अध्ययनरत बिद्यार्थीहरुलाई सकभर मासिक रुपमा शिक्षकहरुकै संलग्नतामा कक्षा टेष्ट (Class Test) लिने व्यवस्था मिलाइएको छ । विद्यार्थीहरुलाई समय समयमा (Group Assignment) पनि पुरा गराई सम्वन्धित शिक्षक तथा विभागलाई प्रस्तुत गर्नं पर्ने हुन्छ ।

### १.५.३) आन्तरिक परीक्षा

यस क्याम्पसले यहां अध्ययनरत बिद्यार्थीको शैक्षिक प्रगतिको मूल्यांकन तथा सुधारका लागि समयको अन्तरालमा प्रत्येक शैक्षिक सत्रमा ३ वटा आन्तरिक परीक्षा लिने र सोको समयमा मुल्यांकन गरी बिद्यार्थीको शैक्षिक अबस्था बारे सम्वन्धित पक्षलाई जानकारी दिने तथा विश्लेषण गरी सुधारका लागि थप प्रयास गर्ने ब्यवस्था गरिएको छ । विद्यार्थीको पठन पाठनमा सहयोगका लागि आवश्यक अतिरिक्त कक्षाको पनि व्यवस्था गरिने गरिन्छ ।

### १.५.४) अतिरिक्त कियाकलाप

बिद्यार्थीहरुमा बहु-आयामिक चरित्रको विकासका लागि क्याम्पसले विभिन्न प्रकारका बौद्धिक, शारिरीक तथा शैक्षिक कियाकलापहरु समय समयमा गर्ने गराउने गरेको छ । यसका लागि शिक्षकहरुको संयोजकत्वमा विभिन्न प्रकारका कियाकलाप संचालन गरिएका छन् । खेलकूद, वौद्धिक कियाकलाप, नृत्य जस्ता विभिन्न अतिरिक्त कियाकलापहरु यसै क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीको सहयोग र सकियतामा संचालन गर्ने गरिन्छ । यस्ता अतिरिक्त कियाकलापवाट उत्कृष्ट भएको विद्यार्थीहरुलाई कार्यकम आयोजना गरी पुरस्कृत गर्ने पनि व्यवस्था रहेको छ ।

### १.५.५) शैक्षिक भ्रमण

विद्यार्थीहरुलाई वास्तविक परिस्थितिसंग मेलजोल गराउने उद्देश्यले यहां अध्ययनरत विद्यार्थीहरुलाई तिनका विषय संग सम्वन्धित थप जानकारी प्रदान गर्नलाई अवलोकन तथा औधोगिक भ्रमण गराईने गरिएको छ । यसरी विभिन्न औधोगिक, पर्यटकीय तथा मनोरम स्थलहरुको भ्रमण गराई उनीहरुबाट सोको प्रतिवेदन लेखन कार्य र प्रस्तुतीकरण गर्ने प्रचलन रहेको छ ।

### १.५.६) तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम

यस क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको वौद्धिक एव्म कार्यदक्षता अभिवृद्धिका लागि यस क्याम्पसले त्रि.वि., पव्लिक क्याम्पस संघ, वि.वि. अनुदान आयोग आदिवाट समय समयमा हुने तालिम, गोष्ठी, अभिमुखीकरण तालिम, सेमिनार तथा अन्तरक्रिया कार्यक्रममा सहभागिता जनाउदै आएको छ । यसका साथै क्याम्पस स्वंयमले अनुसन्धानात्मक गोष्ठीको समेत आयोजना गर्ने योजना वनाएको छ ।

### १.५.७) संगठनात्मक संरचना

सामुदायिक क्याम्पस समाजको धरोहर हो र यसको पूर्ण जिम्मेवारी समाजले नै लिनु पर्छ भन्ने बोधका साथ क.व. क्याम्पस सामुदायिक क्याम्पसका रुपमा नेपालकै पुरानो क्याम्पस मध्ये को एक हो । यसको विकास, विस्तार, सम्वर्धनका लागि कपिलबस्तुवासीहरु वा अन्य जो सुकै महानुभावहरुको सहयोगमा क्याम्पस सभाको निर्माण गरि त्यसवाट क्याम्पस सभा सदस्य छनोट गरिन्छ । उक्त क्याम्पस सभावाट निर्वाचित व्यवस्थापन समितिले क्याम्पसका हरेक गतिविधिमा सक्रिय र रचनात्मक भूमिका निर्वाह गर्दछ । यस क्याम्पसको संचालनको सहजता तथा सरलताका लागि निम्न अनुसारको संगठनात्मक संरचना निर्माण गरिएको छ।

यस क.व. क्याम्पसको विधान अनुसार क्याम्पस सभावाट निर्वाचन पद्धति अनुसार क्याम्पस संचालक समितिको चयन गरिन्छ । सो संचालक समिति मध्येको सदस्यहरुवाट निर्माण कार्य सुपरिवेक्षणाका लागि निर्माण समितिको पनि गठन गरिन्छ ।

क्याम्पस संचालक समितिको मातहतमा रहने गरि क्याम्पस प्रमुखको अधीनमा दुई जना सहायक क्याम्पस प्रमुखको व्यवस्था गरिएको छ । क्याम्पस प्रमुखको कार्य सहजताका लागि क्याम्पस प्रमुख कै निर्देशन अनुसार क्याम्पसमा रहेको शैक्षिक तथा प्रशासनिक क्षेत्रको नियमनको कार्य सहायक क्याम्पस प्रमुखहरुलाई दिइएको छ ।

क्याम्पसको शैक्षिक क्षेत्रमा शैक्षाणिक क्रियाकलापहरुको सहज संचालनका लागि विभिन्न विभागको व्यवस्था गरिएको छ जसमा व्यवस्थापन, शिक्षा र मानविकी विभागहरु रहेका छन सो विभागका अधीनमा विभिन्न विषयका शिक्षण समितिहरुको निर्माण गरिएको छ । यी विभाग र समितिहरु पूर्ण रुपले शैक्षाणिक गतिविधिहरु संचालन, मूल्यांकन र नियन्त्रणका लागि उत्तरदायी हुन्छन । यसै गरि प्रशासनिक क्षेत्रको प्रभावकारी संचालनका लागि एक सहायक प्रशासकको मातहतमा विभिन्न विभागहरु गठन गरिएको छ । सहायक प्रशासकको समन्वयकारी भूमिकामा यी सम्पूर्ण विभागले क्याम्पस संचालनमा अहम् भूमिका निर्वाह गर्दै आइ रहेका छन् । साथै क्याम्पसको समग्र व्यवस्थापनका लागि आवश्यक समितिहरुको गठन भई सहायक क्याम्पस प्रमुखको मातहतमा रहने व्यवस्था छ ।

# कपिलवस्तु बहुमुखी क्याम्पस

## तौलिहवा, कपिलवस्तु

## संगठनिक संरचना



## २) भौतिक प्रगति :

यस क्याम्पसलाई यस्को स्थापना कालदेखि नै स्थानीय निकाय खासगरी जि.वि.स. तथा नगरपालिकाको उल्लेखनीय आर्थिक सहयोगका कारण आफ्नो भैतिक स्थितिलाई केही हद सम्म निर्माण गर्न सकेको छ । २०३७ सालमै जग्गा खरिद गर्न तत्कालीन जिल्ला पञ्चायतले गरेको आर्थिक सहयोगवाट क्याम्पसले ३ विगाहा १३ कठ्ठा १४ धुर जग्गा क्याम्पस कै नाममा पास गरेको छ भने २०४० - २०४४ साल भित्रमा यस्ले जि.वि.स. कै सहयोगमा मुख्य क्याम्पस भवन १४ कोठे निर्माण गरेको छ भने क्याम्पस स्वयं आफैले तला थप गरी ७ कोठा अरु थप गरेको छ । यस्तै क्याम्पसको प्रशासकीय भवन जि.वि.स. को आर्थिक तथा प्राविधिक सहयोगमा मिति २०४५ । २०४८ सम्ममा सुसम्मपन्न भएकोमा सो को तथा थप कार्यक्रम पुन जि.वि.स. वाटै भएको देखिन्छ ।

**क) जग्गा व्यवस्थापन :** २०३७ सालमा तत्कालिन जिल्ला पञ्चायतको आर्थिक सहयोगमा तथा सडवावासी तथा वरण्डीहवाका केही व्यक्तिको जग्गा सहयोग भएवाट क्याम्पसको आफ्नौ नाउको ३ विगहा १३ कठ्ठा १४ धुर जग्गा जग्गा रहेकोमा ३ वर्ष आगाडि पुन ३ कठ्ठा १७ धुर थप जग्गा क्याम्पसले निजी श्रोतमा खरिद गरी जम्मा ३ विगहा १७ कठ्ठा ११ धुर जग्गामा आफूलाई विस्तार गरी भौतिक पूर्वाधारको व्यवस्थापन गरेको छ ।

**ख) शिक्षण भवन मुल क्याम्पस भवन :** स्थापना कालवाट नै स्थानीय निकायहरुको यस क्याम्पसमा व्यापक आर्थिक सहयोग रहदै आएको छ । यसै सन्दर्भमा २०४०।२०४४ साल भित्रमा पटक पटक गरी तत्कालिन जिल्ला पञ्चायतले यस्को ७ ओटा ठूला ठूला कक्षा कोठाको भवन निर्माण गरी दिएको छ । सो भवनको तला थप कार्यक्रम २०५०।०५३ मा क्याम्पसको आफनो आन्तरिक श्रोत तथा विश्वविद्यालयको अनुदान सहयोगवाट २ कोठा गरी जम्मा ६ कोठाको व्यवस्थापन भई क्याम्पसको पठन पाठनमा ठुलो सहयोग पुग्न गयो । यस्तै २०६७ सालमा पुन क्याम्पसकै आन्तरिक श्रोत परीचालन गरी थप २ कोठा निर्माण भएवाट वर्तमानमा यस मुल भवनमा १६ कोठा र एक शिक्षा विभाग कक्ष रहेको छन् ।

- **शिक्षा संकाय भवन :** २०५३।०५४ मा वि.वि. अनुदान आयोगवाट रु. २२५००० सहयोग प्राप्त गरी जग हाल काम भएको यस शिक्षा भवनलाई कपिलबस्तु नगरपालिकाका रु. १८००००। को आर्थिक एंव प्राविधिक सहयोग एंव केही आन्तरिक श्रोतको माध्यमवाट ९ वटा कक्षा कोठाको भवन वन्न पुग्यो । पुनः जि.वि.स. को आर्थिक सहयोगमा पहिलो तल्ला निर्माण गरियो । यसरी हाल यस भवनमा हाल भण्डार समेत गरी जम्मा १५ कक्षा कोठा तयार भयो । केही हद सम्म नपुग कक्षाको व्यवस्था हुन गयो ।
- **मानविकी कक्षाहरु :** क्यामपसमा अध्यापनका क्रममा अझ कक्षाकोठा नपुग भएवाट टिनका टहरा वनाई थप ६ ओटा कक्षा कोठा वनाउने कार्य भयो ।
- **पुस्तकालय :** यु.जि.सि. को विशेष आर्थिक अनुदान सहयोग कार्यक्रम अर्न्तगत क्याम्पसमा

एक आधुनिक पुस्तकालयको व्यवस्था गरिएको छ । हाल यस पुस्तकालयमा २३००० भन्दा वढी पुस्तकहरु संग्रहित छन् ।

- **छात्रावास** : यो क्याम्पस नेपालमै पुरानो मध्येको एक भएको हुंदा सुरु सुरुमा पश्चिम नेपाल देखि पनि विद्यार्थी आउने क्रम वाक्लो थियो । तिनै टाढाका गरीव विद्यार्थीलाई सुविधा दिने क्रममा तत्कालिन जिल्ला पञ्चायतको आथिक एंव प्राविधिक सहयोगमा २० कोठाको छात्रावास भवन २०४४।०४५ मा निर्माण भयो र अधापि सो छात्रावासमा ४० जना विद्यार्थीले सहुलियत रुपमा उपभोग गर्दै आइरहेको छन् ।
- **चमेना गृह** : सर्व सुलभ स्वास्थ्य वर्धक ताजा नास्ताको प्रयोजनका लागि क.व. क्याम्पसले एक चमेना गृहको व्यवस्था गरेको छ तर पनि सो व्यवस्थित रुपमा सञ्चालनार्थ आवश्यक भवनको अभावले आशातित सफलता हासिल गर्न सकिएको छैन ।
- **शौचालय** : क्याम्पसमा शिक्षक, विद्यार्थी कर्मचारी आदि सवैको सुविधाका लागि मुख्य भवन नजिकै छात्र छात्रा शौचालय ब्यवस्था गरिएको छ भने प्रशासकीय कार्यालय भवनमा पनि विभिन्न तलामा सो को व्यवस्था गरिएको छ । यस्का साथ साथै वर्तमानमा बन्न लागे को नयां भवनमा पनि सो को समुचित व्यवस्था मिलाइएको छ भने बिद्यार्थीहरुका लागि Refresh Room बनाई खास गरी महिला समस्या संवोधन हुने सुविधा सम्पन्न शौचालयको निर्माण कार्य नगरपालिका तथा क्याम्पसको आन्तरिक स्रोतको संयुक्त लगानीमा सम्पन हुन गइरहेको छ ।
- **मञ्च व्यवस्थापन** : क्याम्पसमा हुने गरेका विभन्न समारोक कार्यक्रम संञ्चालन गर्न सहज होस् भन्ने अभिप्रायले यस क्षेत्रमा तत्कालीन राजा वीरेन्द्र आउने क्रममा जि.वि.सको आर्थिक एवं प्राविधिक सहयोगमा २०४५ सालमै मञ्चको निर्माण भएको छ ।
- **कम्प्युटर ल्याव** : क्याम्पसले ब्यबस्थित रुपमा सुचना प्रविधीको उपभोग सजिलै सहज होस् भन्न अभिप्रायको साथ ल्याव व्यवस्थापनका लागि भवन निर्माण गर्दैछ सो अझै सम्पन हुन सकेको छैन ।
- **प्रशासकीय भवन** : ब्यबस्थित रुपमा क्याम्पसलाई संञ्चालन गर्न सकियोस् भन्न उदेश्यका साथ जि.वि.सको आर्थिक सहयोग एवं प्राविधिक अनुदान सहयोगमा ३ कोठे सुविधा सम्पन्न कार्यालयको निर्माण २०४४ सालमै निर्माण भई २०७०।०७१ मा पुनः तला थप गरीएको छ ।
- **पाले घर** : गेट नजिकमै पाले घरको व्यवस्था छ ।
- **सवारी साधन पार्किङ्ग स्थल** : साइकल, मोटर साइकल पार्किङ्ग सुविधा छ ।

### ३.१. भौतिक विकास :

यो क्याम्पसको आर्थिक अबस्था त्यति मजवुत नहुदां नहुदै पनि समय सापेक्ष यस्को Infrastructure Development मा जोड दिनु आवश्यक छ । पहिले पहिले बनेका

क्याम्पसका भौतिक संरचनाहरु पुराना र जीर्ण हुदै गएका छन् भने गत बर्षको भूकम्पले झनै क्षति पुऱ्याएको छ । तसर्थ पुराना भवनलाई भत्काई नयां भवन निर्माण गर्नु अपरिहार्य भएको छ । तसर्थ सो को ब्यवस्थित स्वरुप दिन क.ब.क्याम्पसको पञ्च बर्षीय निर्माण योजना तयार पारिएको छ । सोही योजना अनुरुप स्रोतको बांकी संभाव्यता तथा कार्य प्रगतितर्फ लम्कन क्याम्पस कटिबद्ध छ । यस अन्तर्गत बिभिन्न संकायका भवन निर्माण, ग्रिनवेल्ट निमाण, सडक निर्माण, कक्षा कोठा व्यवस्थापन फर्निचर, बिद्युतीय यन्त्र उपकरण, उर्जा इन्धन व्यवस्थापन, जल व्यवस्थापन, अडिटरियम, क्यान्टिन व्यवस्थापन, खेलकुद Indoor Out Door ब्यवस्था, कम्प्युटर ल्याव, प्राध्यापक, कर्मचारी आवास, आधुनिक - छात्रावास, क्याम्पस परिसर सुन्दरीकरण, वेल्टसाइट रेष्टिङ., पार्क चेयर बेन्च ब्यवस्था, फोहर ब्यवस्थापन पोखरी व्यवस्था लगायतका विभिन्न क्षेत्र क्याम्पसको योजनामा समेटीएको छ ।

## २.२. शैक्षिक सामाग्री :

यस क्याम्पसलाई एक सवल, सक्षम शैक्षिक धरोहरको रुपमा विकास गर्नका लागि आवश्यक पर्ने आधुनिक सूचना संचार, इन्टरनेट युक्त पुस्तकालय, आधुनिक शैक्षिणिक विधिका रुपमा प्रयोग गरिने Projector, सुविधा सम्पन्न कक्षा कोठा ब्यवस्थापनका साथ साथै सान्दर्भिक पाठ्य पुस्तक Research Journal, विभिन्न दैनिक । साप्ताहिक पत्र पत्रिकाका लागि क्याम्पसले दीर्घकालीन रुपमा योजना बनाएको छ ।

वर्तमान उपर्युक्त सुविधाहरु क्याम्पसमा नगन्य छन् भन्न सकिन्छ । परम्परागत शैलीको पठन पाठन योजना पुस्तकालय फर्निचर, White Board आदिको सामान्य प्रयोग भइरहेको अवस्था छ । शैक्षिक सामाग्रीको कुरा गर्दा विशेषतः पाठ्य पुस्तकहरु, सन्दर्भ पुस्तकहरु र केही केही गणितीय प्रयोगशाला सम्बन्धी वस्तुहरु रहेको पाइन्छ । यसलाई समय सापेक्ष उपर्युक्त ढंगबाट आवश्यक विविध शैक्षिक सामग्री उपलव्ध गर्ने गराउने ठोस प्रयासको थालनी भएको छ ।

**खेलकूद सामाग्रीको हकमा विशेषतः** क्रिकेट, बास्केटवल, भलिवल, फुटवल, टेवल टेनिस, ज्वावलिंग, चेस, ब्याडमिन्टन, सटफूट आदिको समुचित ब्यवस्था मिलाइएको छ ।

### पुस्तक, पत्रपत्रिका तथा सन्दर्भ सामाग्री

यस क्याम्पसको पुस्तकालय पाठ्य सामाग्रीका सन्दर्भमा धनी एवं सुविधा सम्पन्न छ। एकै पटक १०० भन्दा बढी बिद्यार्थी बसी अध्ययन गर्न सक्नेछन् भने २३००० बढी पाठ्य पुस्तकहरु रहेका छन् । पाठ्य पुस्तक परिमाणमा धेरै भएता पनि वर्तमान परिप्रेक्षमा नयां एवं परिमार्जित पाठ्य पुस्तकको संख्या करिव करि व ६००० को हारा हारी छ । ती पुस्तकहरु पनि विद्यार्थीको माग अनुरुप तथा पाठ्यकम अनुसार तयार पारि एका पुस्तकहरु छन् भने सन्दर्भ ग्रन्थहरुको अभाव अझै पनि यस पुस्तकालयमा देखिएकै छ ।

त्यस्तै E-libarary को व्यबस्था हुन सकेको छैनन, कुनै समयमा नेपालकै उत्कृष्ट पुस्तका(

लय मानिएको यस पुस्तकालयलाई परिवर्तित सन्दर्भमा लगी आवश्यकता अनुरुपका फोटोकपी मेशिन, कम्प्युटर, पत्र पत्रिका Section, शिक्षकका लागि अनुसन्धान कोठा, सुपरिवेक्षणका लागि आवश्यक यन्त्र उपकरण आदिको व्यबस्था गर्नु पर्ने भएकोले क्याम्पसको आगाामी दिनमा सो कुरा गर्ने योजना रहेको छ। यस पुस्तकालयमा दैनिक १५, साप्ताहिक ३, मासिक ४ गरी जम्मा २२ प्रकारका संचार एवं ज्ञान मूलक पत्र पत्रिका सामाग्रीहरु प्रचलनमा रहेका छन्। बिद्यार्थीहरुका लागि १५ दिनसम्म लिन पाउने गरी २ वटा पुस्तक वितरण गर्ने प्रावधान छ भने यसै शैक्षिक सत्रबाट ३ वटा पाठ्य पुस्तक प्रदान गर्ने व्यवस्था गरिने छ।

### २.३ फर्निचर

यस क्याम्पसको भौतिक पूर्वाधार विकास संग संगै आवश्यक पर्ने फर्निचर तथा फिक्चर आदि पनि समयानुसार थप्दै जोड्दै आत्मनिर्भर बन्ने क्रम अगाडि बढी रहेको छ। यसै परिपेक्षमा सुरुमा बिद्यार्थीहरुका लागि ट्यावलेट चियरको व्यवस्था भएकोमा हाल Fixed Furniture System अन्तर्गत डेक्स बेन्चहरु रहेका छन्। कार्यालय प्रयोजनका लागि आवश्यक पर्ने कुर्सी तथा टेवल, पुस्तकालयका लागि कुर्सी तथा Reading Table आदि रहेको देखिन्छ। क्याम्पसको आवश्यकतालाई ध्यानमा राखी हाल भएका फर्निचर पुराना भएकाले मर्मत तथा परिमार्जित गर्नु पर्ने देखिएको छ। सो कार्यका लागि क्याम्पसले आगामी बर्षहरुमा बजेट रकम छुट्याउने काम गरेको छ। यस क्याम्पसमा रहेका सम्पूर्ण फर्निचरहरु सम्बन्धि अभिलेख लेखापरिक्षण प्रतिवेदनमा देखाइएको छ।

## ३. आर्थिक प्रगति

यस क्याम्पसको ऐतिहासिकताका आधारमा कपिलबस्तु बासीहरुको असीम मायांले यो क्याम्पस यहां सम्म आइपुगेको हो। यस जिल्लामा जग्गा खरिद गर्दा खरिद कर्ताले दिएको रजिष्ट्रेशन दस्तुर मध्येको ०.५% को आर्थिक सहयोगले लामो समय क्याम्पसलाई जीवन्तता प्रदान गरयो। यसको साथै क्याम्पसले बिद्यार्थीबाट लिने शिक्षण लगायत विभिन्न शुल्कहरु नै यसको मुख्य आयका श्रोतहरु हुन भन्न सकिन्छ। स्थानीय स्तरका सरकारी निकायहरु जि.वि.स., नगरपालिका, चन्दादाता आदि पनि यस क्याम्पसका आर्थिक श्रोत हुन भने बिश्व विद्यालय अनुदान आयोग पनि मुख्य आर्थिक सहयोग गर्ने सरकारी निकाय हो। त्यस्तै साँसद विकास कोष तथा यदाकदा क्याम्पस वन पैदावारले पनि धेरै थोरै आर्थिक श्रोतमा सहयोग पुऱ्याएको छ।

## ४. लेखा परीक्षण प्रतिबेदन

क्याम्पसले आफ्ना आर्थिक कियाकलापहरु चुस्त दुरुस्त, व्यवस्थित र पारदर्शी हुन भन्नका लागि प्रत्येक बर्ष सार्बजनिकीकरण गर्ने र सो को अनुमोदन गर्ने गराउने गर्दछ। यसै क्रममा क्याम्पस संचालक समिति समक्ष अनुमोदनका लागि पेश गरेको लेखा परीक्षण प्रतिवेदन २०७५/७६ यसै प्रतिवेदन साथ संलग्न गरिएको छ।

### ४.१. लेखा परीक्षणका मुद्दाहरु

लेखा परीक्षण प्रतिवेदनको अध्ययन एवं विश्लेषण गर्दा प्राप्त हुन आएका जानकारी र क्याम्पसको वास्तविक अबस्था यस प्रकार रहेको देखिन्छ ।
क.ब. क्याम्पसमा लेखापरीक्षण दौरान सोधिएका तथा खोजिएका विवरण अध्यावधिक रहेको पाइयो तथा क्याम्पसमा भए गरेका हिसावहरु आर्थिक रुपले शुद्ध एवं व्यवस्थित देखिएको छ । तर क्याम्पस आफैमा आर्थिक अभाव झेलि रहेको लेखापरीक्षण प्रतिवेदनबाट प्रष्टै हुन्छ । सो प्रतिवेदनमा उठाइएका मुदाहरु जस्तै त्यस अवधिमा क्याम्पसले तिर्नु पर्ने तलव, संचयकोष, सा.सु. कर तथा अन्य समेत निकै वढी रकम तिर्नु पर्ने वांकी देखिनु र सम्पत्तिहरुको मूल्याङ्कन गरी वार्षिक रुपले ह्रास कट्टि गरी वासलातमा समावेश गर्नु आवश्यक तथा उपर्युक्त देखिएको छ भनी लेखा परीक्षण प्रतिवेदन र सो को सुधारका लागि सुझावहरु दिइएको छ । गत बर्षको लेखा परीक्षण प्रतिवेदनमा केही शीर्षकहरुमा प्राविधिक रुपमा खर्च रकम दाखिला भएको पाइएको ।

### ४.२. चालिएका कदमहरु

गत बर्षको लेखा परीक्षण प्रतिवेदनले उठाएका मुदाहरुलाई गम्भीरतापूर्वक लिई सोको सम्बोधनमा यस आर्थिक बर्ष निम्न कदमहरु चालिएका छन् ।

- विगत लामो समयदेखिको भुक्तान हुन वाँकी विभिन्न रकमहरु तलव, संचयकोष, सा.सु.तथा अन्यलाई सम्भव भएसम्म चुक्ता गर्ने काम गरिने छ ।
- क्याम्पसको भौतिक सम्पत्तिको यर्थाथ अवस्था एकीनका लागि प्राविधिकसंग सल्लाह, परामर्स गरी कारवाही अगाडि बढाइएको छ ।
- यस  क्याम्पसमा भए गरेका आर्थिक कारोवार जस्तै खरिद आदि कार्यमा सोको जिन्सी पुस्तिका राखी खेरजाने, नजाने सामाग्रीको समेत उचित अभिलेखीकरणको कार्य थालनी गरिएको छ ।

## ५. सामाजिक प्रगति

सामुदायिक क्याम्पसहरु समाजवाटै सिर्जित, संचालित तथा व्यवस्थित हुने गरेकाले सामुदायिक क्याम्पस समाजकै एक अभिन्न अंग हो । समाजको शैक्षिक, आर्थिक एवम् बिभिन्न क्षेत्रको विकासमा पनि यसको अत्यन्तै महत्वपुर्ण भूमिका रहेको हुन्छ । यसै कुरालाई हृदयांगम गरी यस क्याम्पसले विभिन्न सामाजिक क्रियाकलापहरु पनि संचालन गदै आएको छ ।

### ५.१) क्याम्पसका लागि समाजको योगदान तथा योजना

क.ब.क्याम्पस पनि समाजबाटै सिर्जित र संचालित सामुदायीक शैक्षिक संस्थाका भएकोले समाजप्रति आफ्नो भूमिका सदैव प्राथमिकतामा राख्द्छ । सो को लागि क.ब.क्याम्पसले यो जनावद्ध रुपमा नियमित कार्यक्रमहरु अघि सारेको हुन्छ । समाजसंग यस क्याम्पसको सम्बन्ध

अझ दरिलो र प्रगाढ बनाउनका लागि तथा क्याम्पस प्रति अपनत्वको भावनामा बृद्धि गर्नका क्याम्पस सभाको व्यबस्था मार्फत समाजका सबै वर्गलाई सो मा आवद्ध गराउने प्रयास सदैव रहेकै हुन्छ । यसै कममा सो कार्यका लागि निम्न अनुसारका योजनाहरु अगाडि सारिएका छन् ।

- शैक्षिक गुणस्तरीयता अभिबृद्धि गरी समाजको पहुच क्याम्पसमा बढी होस् भन्ने अभिप्रायले सर्ब सुलभ बैज्ञानिक शिक्षा प्रदान गर्ने ।
- क्याम्पसका शिक्षक तथा बिद्यार्थीहरुको अगुवाईमा जनस्वास्थ्य सम्बन्धि सचेतना, फैलाउने । सो कार्यका लागि स्वास्थ्य सम्बन्धि प्रतिवेदन तयार पार्न बिद्यार्थीहरुलाई घरदैलो तथा विद्यालय पठाउने र उनीहरुको के समस्या छन् बुझि सोही अनुरुप समस्या समाधानका लागि पहल गर्ने ।
- खेलकूद कार्यक्रम आयोजना गर्ने र समुदायबाट गरिएका आयोजनामा सक्रिय सहभागिता जनाउने ।
- अभिभावक भेला गराई क्याम्पस र बिद्यार्थीका वारे अनुभवहरु साटासाट गर्ने ।
- जिल्लाको अग्रणी क्याम्पसको रुपमा संचालित क.ब.क्याम्पसले आगामी दिनहरुमा पनि यस जिल्लाका शैक्षिक संस्थाहरु एवं अन्य सामाजिक क्षेत्रमा आवश्यक सहयोग र सहकार्यलाई सघाउदै लैजाने ।
- बिभिन्न क्षेत्रमा गई शैक्षिक जागरण अभियानका क्रियाकलापहरुलाई अझै सवल पार्ने ।
- खानेपानी तथा सरसफाई जस्तै शौचालयको प्रयोग आदिमा समेत वरपरका क्षेत्रमा सचेतना अभियान चलाउने ।
- कपिलबस्तु जिल्लामा रहेको ऐतिहासिक धरोहरको पर्यटकीय दृष्टिकोणले प्रचार–प्रसासका लागि प्राचीन कपिलबस्तु महोत्सवमा लगायत अन्य कार्यक्रममा संलग्न हुने र आवश्यक सहयोग प्रदान गर्ने ।
- यस क्याम्पसमा अध्ययनरत गरेका बिद्यार्थीहरुलाई प्रयोगात्मक सीप विकासका लागि बिभिन्न वित्तिय तथा अन्य संघ संस्थाहरुमा स्वयं सेवकका रुपमा पठाई सहयोग उपलव्ध गराउने ।
- वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने बृक्षारोपण तथा प्राकृतिक सम्पदाको संरक्षण अभियानमा सहभागिता गर्ने गराउने ।
- सरकारी तथा गैरसरकारी निकायहरुबाट समय समयमा हुने गरेका सामाजिक, शैक्षिक एवंम् सांस्कृतिक कार्यक्रमहरुमा संलग्नता बढाउदै जाने ।
- नगर विकाश एवं सुन्दरीकरण अभियानमा क.ब.क्याम्पसबाट बौद्धिक परामर्श दिदै आइरहे कोमा सो लाई अझ बढी समय सान्दर्भिक गर्ने गराउने ।
- समाजमा जनचेतना अभिवृद्धि तथा स्वतन्त्र समस्या समाधान हेतु जनमानसभा वौद्धिक विकासका लागि विभिन्न प्राध्यापकवाट निजको विशिष्टताको क्षेत्रमा रेडियोकार्यक्रमहरु संचालन गर्ने ।

## ५.२) मुद्दा तथा चुनौतीहरु

क.ब.क्याम्पस सदरमुकाम क्षेत्रमा रहंदारहदै पनि यहांका मानिसहरुको उच्च शिक्षा प्रतिको आकर्षणको अभावमा विगत लामो समयसम्म ओफ्रेलमा पऱ्यो । खास गरी भन्नु पर्दा सम्पन्नतामा रमेका ब्यक्तिहरु आफ्ना सन्तानलाई नेपालको काठमाण्डौ तथा भारतका विभिन्न शहरमा अध्ययनका लागि पठाउने, निम्न आयस्रोत भएका ब्यक्तिहरु आफ्ना सन्ततीलाई सीमापारीका अत्यन्त सस्ता भारतीय कलेजमा जानु, नक्कली सर्टिफिकेटको प्रभावमा पर्नु, र ठूलो जनसमुदाय उच्च शिक्षाप्रति उदासीन हुनाले यस क्याम्पसको आर्थिक एवम शैक्षिक सवलीकरणमा नकारात्मक प्रभाव परेको पाइन्छ । तर विस्तारै विस्तारै मानिसहरुमा आएको चेतनाका प्रभावले क्याम्पसलाई आफ्नो हो र यसबाट यही बसी उच्च शिक्षा हासिल गर्न सकिन्छ भन्ने भावनाको विकास भएबाट केही सकारात्मक सोचहरु विकसित भएका छन् तर पनि यस क्याम्पसले वर्तमानसम्म आइपुग्दा भोग्नु परेका विभिन्न मुद्दा तथा समस्याहरु मुख्य रुपमा यस प्रकार छन् ।

## ५.३) अल्पकालीन मुद्दा तथा चुनौतीहरु

- राष्ट्रिय राजनीती तथा क्षेत्रिय राजनितीका अस्थिरता -विभिन्न आन्दोलनहरुका कारण समय समयमा पठन - पाठनमा हुने अवरोधका कारण शैक्षिक गुणस्तर सोचे अनुरुप हुन नसक्नु ।
- शैक्षिक क्षेत्रमा अत्यन्त न्युन जागरण भएका कारण पनि क्याम्पसमा नियमित हुने क्रम कमजोर रहेको ।
- लैगिंक विभेदका कारण छात्रा संख्या न्युन हुनुका साथै ठुलो परिणाममा Dropout हुने गरेको
- बिद्यार्थी उच्च शिक्षामा भर्ना हुने तर रोजगारका क्रममा विदेशीने संख्या अत्यधिक हुनुले परीक्षा परिणाम आशातित नहुनु ।

सामान्य आयस्तर भएका ब्यक्तिहरुको पहुच यस क्याम्पसमा भएको तर उनीहरु पनि स्थानीय स्तरमै विभिन्न प्रकारका रोजगारमुलक क्षेत्रमा काम गर्ने प्रवृतिले गर्दा पुरै समय कक्षा लिन नसक्ने भएकाले समेत क्याम्पसको पठन पाठन तथा परिणाममा ठूलो नकारात्मक असर परेको छ ।

यस क्याम्पसमा अधिकांश बिद्यार्थीहरु दुरदराज ग्रामिण क्षेत्रबाट आउने हुनाले त्यस क्षेत्रको प्रारम्भिक शैक्षिक गतिविधीहरु गुणस्तर युक्त हुन नसकेका कारण पनि क्याम्पसले आशातित सफलता प्राप्त गर्न सकेको छैन ।

## ५.४) दीर्घकालीन मुद्दा तथा चुनौतीहरु

- क्याम्पस परम्परागत शैलीमा संचालन भइरहनु र आधुनिक शैलीमा परिवर्तित हुन नसक्नु ।
- बिभिन्न समयमा भएका शिक्षक बिज्ञापनमा समेत न्युन संख्यामा आवेदन पर्नु र कुनै बिषयमा आवेदन नपरेको हुंदा शिक्षकको उपलब्धतामा समेत यदाकदा समस्या परेको देखिएको छ ।

➢ शैक्षिणिक क्रियाकलाप परिमार्जित रुपमा अगाडि बढ्न नसक्नु ।
➢ कक्षा कोठाको अभावमा Section हरु खोल्न नसकिएको ।
➢ नेपाल सरकारबाट भइरहेको तलव बृद्धिले क्याम्पसलाई थप अर्थिकभार पर्न जाने तथा तलव समयानुकुल हुन नसक्दा क्याम्पस संचालनमा पनि अप्ठाराहरु पर्दै आएका छन् ।
➢ Teachers' Training, शिक्षक शैक्षिक उन्नयन, Research Article Publication हुन नसक्नु पनि क्याम्पसका लागि चुनौतीका पक्षहरु रहेका छन् ।
➢ क्याम्पसले समयानुकुल आफूलाई सूचना संचार, इलेक्ट्रोनिक मिडिया, इन्टरनेट सुविधा आदि जस्ता प्राविधिक पक्षहरुसंग सही मानेमा परिचित हुन नसक्नु पनि हाम्रा जल्दा बल्दा मुदा बनेको छ ।
➢ क्याम्पस संचालनका पक्षहरु विभिन्न व्यस्तताका कारण समय अभाव भएकाले सम्बन्धित पक्षहरुले अझबढी जिम्मेवारी वहन गर्दै प्रसस्त समय प्रदान गर्नु अपरिहार्य भएको छ । जसले क्याम्पसलाई एक योजनाबद्ध ढंगबाट सुशासन मैत्रीपूर्ण शान्त र रमणीय शैक्षिक तधरोहर हुन अभिप्रेरित गरोस् ।

क्याम्पसले बार्षिक बजेट, कार्यक्रम तर्जुमा, समय समयमा बैंठक, अवधारणा प्रस्तुति, Teacher Re-freshment, आवश्यक दरवन्दी सिर्जना, शिक्षक कर्मचारी प्रोत्साहन, प्राध्यापन पक्षमा बिशेष प्रोत्साहन पुरस्कार तथा सचेतना आदि गराउने अनुसन्धान मूलक क्रियाकलापमा संलग्न गर्न गराउनमा भएको ढिलासुस्ती पनि एक मुख्य चुनौती रहेको छ । सोका लागि जिम्मेवार पक्ष बढी संवेदनशील हुनु आवश्यक देखिन्छ ।

### ५.५. मुद्दा तथा चुनौतीको सम्बोधनका प्रयासहरु :

➢ नक्कली प्रमाण-पत्रहरुलाई निस्तेज गर्न क्याम्पसले त्यस्ता प्रमाण-पत्रहरुको भर्नामा समेत रोक लगाएको छ । बास्तविकतालाई बुझि सक्कली प्रमाण पत्रका आधारमा मात्र त्यस्ता बिद्यार्थीहरुको भर्ना कार्यक्रम लिने व्यवस्था मिलाइएको छ ।
➢ बाहिरी क्षेत्रबाट प्राध्यापन कार्यका लागि दक्ष जनशक्ति प्राप्त होस् भन्ने अभिप्रायले आवश्यक प्रोत्साहन कार्यक्रम र आवास व्यवस्था आदिको सम्बोधन हुने कार्य अगाडि बढेको छ ।
➢ त्रि.बि.को मापदण्ड अनुरुपको तलव, सेवा सुविधा आदि कुरालाई विधानतः स्वीकृत गरी लागु गरिएको छ ।
➢ समयसापेक्ष शिक्षकहरूलाई दक्ष र पुनर्ताजगी गराउन क्याम्पसले समय समयमा विभिन्न तालिममा विशेषज्ञहरु बोलाएर सरलीकरण गरेको छ ।
➢ आधुनिक सञ्चार प्रविधिहरु, यन्त्र औजारहरु (Projector, Computer) आदिको प्रयोगको व्यवस्था र सो को प्राविधिक ज्ञान समेत शिक्षक कर्मचारीहरुलाई प्रदान गरी तह अनुरुप सीप दक्ष बनाउदै जनशक्तिलाई विशेष महत्वका साथ प्रोत्साहन गरिएको छ ।
➢ क्याम्पसमा बिद्यार्थीको पहुँच बढाउनका लागि दूरदराज ग्रामीण क्षेत्रबाट बिद्यार्थी

आवागमनमा सुविधा होस् भन्ने हेतुले निकट भविष्यमै बिद्यार्थीका लागि यातायात सेवा संचालन गर्ने प्रयास थालिएको छ ।

- समयानुसार दक्ष र क्षमतावान शिक्षकलाई पूर्णकालिन सेवामा भएका शिक्षकहरुको स्थायी, पदोन्नती, प्रोत्साहन, ग्रेड थप शैक्षिक बृत्ति बिकास आदि जस्ता रचनात्मक कार्यहरुमा समेत क्याम्पसले सोच बनाएको छ ।
- क्याम्पसमा भएका हालका सरचनाहरु अत्यन्तै पुराना र कमबैज्ञानिक एवम् अपुग भएकाले त्यस्ता पुराना भौतिक संरचनालाई भत्काई आधुनिक प्रबिधियुक्त सुविधा सम्पन्न शिक्षामैत्री भवनहरु क्याम्पसको आन्तरिक स्रोत, स्थानीय निकायका स्रोतहरु एवं विश्वविद्यालय अनुदान आयोगबाट बिभिन्न शीर्षकमा प्राप्त सहयोगबाट निर्माण गर्ने जमर्को थालिएको छ ।
- क्याम्पसको पठन पाठन मनोरम, शान्त वाताबरणमा होस् भन्नका लागि सोही अनुरुप क्याम्पसमा भएको जग्गा सो को उपर्युक्त व्यवस्थापन, Master Plan तथा Campus Improvement उबिल लाई मूर्तरुप दिन क्याम्पसले Strategic Plan बनाई बजेट व्यवस्थापन र सोही अनुरुपको कार्यान्वयनमा जोड दिने कार्यक्रमलाई अगाडि सारिएको छ ।
- क्याम्पसलाई सुन्दरीकरण गर्न Green Belt तयार गर्ने उपयुक्त खेलमैदानको व्यवस्था गर्ने, शान्त मनोरम शिक्षण पार्क विकास गर्ने तथा यस प्रतिको दायित्व र लगावलाई अभिबृद्धि गर्ने अभिप्रायले विविध कार्यक्रमहरु अभियान मार्फत संचालन गर्ने जमर्को गरिएको छ ।
- क्याम्पसको आर्थिक श्रोतको दिगो व्यवस्थापन भन्नु नै Quality Assurance हो । सो को लागि यस क्याम्पसको पठन पाठन कार्यलाई अत्यन्त मजबुत बनाउदै आन्तरिक स्रोत बढाउनु यसको मुख्य उपाय हो । साथसाथै स्थानीय सरकार तथा केन्द्रिय सरकारबाट विभिन्न निकायहरु मार्फत क्याम्पसले अनुदान सहयोग प्राप्त गरी आर्थिक स्रोत जुटाउने कार्यमा आफुलाई सशक्त पार्दै लगेको छ ।
- समय अनुकूल क्याम्पसमा नयां बिषयहरु थप गर्ने तथा प्राविधिक शिक्षातर्फ पनि विस्तारै अगाडि बढ्ने कार्यक्रम ल्याइएको छ ।

### ५.६. भाबी योजना तथा कार्यक्रमहरु

विगत वर्षमा सुरु गरिएको सुधारात्मक कार्यलाई निरन्तरता दिदै आवश्यकता अनुरुप पारिमार्जन परिवर्तन तथा केही नयां सोचहरुलाई मूर्तरुप दिने व्यवस्था मिलाइएको छ । यसै सन्दर्भमा चरणबद्ध रुपमा क्याम्पसले आफ्नो आर्थिक क्षमता, बिद्यार्थी भर्ना सम्भावना तथा दीर्घकालीन आवश्यकतालाई हेरी क्याम्पसमा देखिएका विभिन्न मुद्दाहरुको सम्बोधन हुने गरी निम्न योजनाहरु अगाडि सारेको छ ।

- पठन पाठनमा स्तरीयता कायम राख्न आधुनिक प्रविधि प्रयोगमा जोड दिने । सोही अनुरुप क्याम्पसले ३ Projector र ५ Laptop खरिद गरिसकेको छ ।

- कक्षा कोठाहरुमा उचित प्रकाश,सरसफाई युक्त वातावरण एवम् दैनिक हाजिरी आदिको व्यवस्थापन भएको छ ।
- बिद्यार्थीका हरेक कार्यहरु समयमै हुन् भन्नका लागि क्याम्पस प्रशासन चुस्त दुरुस्त राख्ने व्यबस्था गरिएको छ ।
- अभिलेखीकरण व्यवस्थालाई Computerised गर्ने व्यवस्था रहेको छ ।
- शिक्षक हाजिर व्यवस्थालाई (Attendence System) मा लैजाने योजना वनाइएको छ ।
- आन्तरिक परीक्षा तथा Case Study लाई बढी प्रभावकारी वनाई शैक्षिक गुणस्तरमा अभिबृद्धि गर्ने लक्ष्य राखिएको छ ।
- खानेपानी, शौचालय, चमेना गृह आदिको समुचित प्रवन्ध गरिने योजना रहेको छ ।
- नपुग कक्षा कोठाहरु विस्तार गरिने कार्यक्रम रहेको र सो अनुरुप यसै बर्ष मात्र ५ कक्षा कोठाहरु निर्माण गरिएका छन् ।
- नयाँ शौचालयको कार्यलाई अगाडि बढाइएको छ ।
- प्राध्यापक आवास गृह निर्माणाधीन चरणमा छ ।
- क्याम्पसको कम्पाउण्ड वालका लागि प्रारम्भिक कार्यको थालनी भएको छ ।
- शिक्षकहरुको दरवन्दी सिर्जना र बिज्ञापन कार्य भएका छन् ।
- क्याम्पसले दीर्घकालीन सोचका साथ Master Plan वनाई आफूलाई एक समुन्नत प्राज्ञिक धरोहर वनाउने कार्यको थालनी गरिसकेको छ । जुन तल दीर्घकालीन योजनामा उल्लेख गरिएको छ ।

## ६. बर्तमान तथा आगामी तीन आर्थिक बर्षको योजना

क्याम्पस एक सामाजिक प्रज्ञिक धरोहर भएको हुनाले यसको ब्यवस्थित संचालनका लागी योजनाबद्ध ढंगबाट कार्यक्रमहरु संचालन गर्दै समाजप्रतिको उत्तरदायित्व निर्वाह गर्नं पर्ने भएको हुनाले शैक्षिक-आर्थिक गतिविधिहरुलाई प्रत्येक शैक्षिक शत्रको सुरुमै बार्षिक बजेट योजना तर्जुमा गर्नं पर्ने हुन्छ । जसले यस्ता शैक्षिक संस्थालाई विश्वस्नीय र जीवन्तता प्रदान गर्दछ । सुरुका वर्षहरुमा खासै बजेट व्यवस्थापन गर्ने प्रचलन नरहे तापनि वि.अनुदान आयोग को संलग्नता बढे संग-संगै क्याम्पसमा बार्षिक योजना तथा बजेट तर्जुमा गर्ने प्रचलन शुरु भएको छ । यसैलाई आधार मानी यस क्याम्पसले पनि बिगत केही बर्ष देखि बार्षिक बजेट र योजना तर्जुमा गरी आफूलाई एक ससक्त र जवाफदेही शैक्षिक संस्थाको रुपमा उभ्याउन सफल भएको छ ।

### ६.१) आगामी तीन आर्थिक बर्षको योजना

क्याम्पसले आउदो तीन वर्षका लागि विभिन्न क्रियाकलापहरुका लागि निम्न अनुसार कार्यक्रमहरु अगाडि सारेको छ ।

## भौतिक संरचना विकास योजना

क.ब.क्याम्पसलाई आउने २० बर्षमा यसको ध्येय पुरा गर्ने अभिप्रायका साथ आवश्यक पर्ने भौतिक संरचनाको सम्पूर्ण आयामहरु विभिन्न चरणमा सम्पादन गर्ने लक्ष्य राखी हाललाई आगामी ३ बर्षको अनुमानित स्वरुप यस प्रकार राखिएको छ ।

### १. शैक्षिक भवन

क.ब.क्याम्पले चालु आर्थिक सत्र देखि नै क्याम्पसको भोलिको आवश्यकता पुरा गर्ने गरी भवन निर्माण कार्य थालिसकेको छ । यस सन्दर्भमा वर्तमानमा व्यबस्थापन संकायका लागि २० कोठे भवन निर्माणधीन छ । सो भवन आगामी बर्षमा पुरा गर्ने लक्ष्य राखिएको छ । सो को चार तले भवन आगामी वर्षमा पुरा गर्ने लक्ष्य राखिएको छ र। सो चार तले भवन १२००० वर्ग फिटमा रहेको छ भने त्यसको लागत करिव करिव २,६५,००,००० देखि ३,५०,००,००० सम्ममा पुर्ण रुपले सुसज्जित (Well Equiped) हुने अनुमान गरिएको छ ।

आगामी शैक्षिक सत्रदेखि शिक्षा संकाय भवनको स्वरुप पनि निर्माणका लागि क्याम्पसले योजना अगाडि सारेको छ  जुन १३२५० वर्ग फिटको हुने छ र तीन तल्लामा सोको डिजाइन गरिने छ जसमा सुविधा सम्पन्न २५ कक्षा कोठा रहनेछन् जसको अनुमानित लागत २,५०,००,००० सम्मको हुनेछ । जसको सुरुवात आगामी आर्थिक सत्रबाट सुरु गरी २ बर्षमा पुरा गर्ने लक्ष्य राखिएको छ ।

मानविकी संकायको भवनका सन्दर्भमा क्याम्पसमा संचालनमा रहेको मुख्य भवनलाई प्रयोगमा ल्याइन्छ जसका लागि आवश्यक मर्मत तथा संभार खर्च प्राविधिक अनुमान अनुसार २०,००,००० सम्म हुने सो कार्य आगामी तेस्रो वर्षमा सुरु गरिनेछ ।

विज्ञान संकायका लागि शैक्षिक शत्र २०७५।०७६ मा क्याम्पसले B.Sc  संचालनका लागि पुर्वाधार निर्माण गर्न १२००० वर्ग कि.मी विज्ञान संकाय भवन बनाउने योजना आगाडी सारेको छ । जसको प्राविधिक मूल्यांङ्कन लगभग ३,००,००,००० हुने अनुमान  गरिएको छ ।

क्याम्पसमा हाल अत्यन्त सानो चमेना गृह रहेको र सो को अवस्था नाजुक रहेको हुनाले सो लाई आर्थिक वर्ष २०७५ मै भत्काई नयां संरचना वनाउन अपरिहार्य भएकोले कम से कम १०० जना बिद्यार्थी एक पटकमा वस्न सक्ने गरी चमेना गृह व्यबस्थापन गर्न २००० वर्ग फिछमा ५० लाख अनुमानित लागतको वनाउने अनुमान गरेको छौ ।

क्याम्पसले यसका साथ साथै आगामी १० बर्षमा क्याम्पसको प्रशासनिक भवन, अडिटोरयिम हल, पार्किङ्ग सेड, इन्डोर गेम हल, ग्रीन वेल्ट, सडक व्यबस्था, छात्रावास मर्मत तथा विस्तार प्राध्यापक , कर्मचारी आवास, यातायात साधन व्यबस्थापन, पर्खाल, खानेपानी व्यबस्था लगायतका विविध भौतिक सुबिधा सम्पन्न शैक्षिक धरोहर वजाउने गुरु योजना रहेको छ । आगामी १० बर्ष भित्रमा २००० बित्रद्यार्थीले विभिन्न संकायमा अध्ययन गर्न सक्ने लक्ष्य राखिएको छ ।

यी विभिन्न योजनालाई चरणबद्ध रुपमा सम्पन्न गर्न वि.वि.अनुदानको सहकार्य र क्याम्पसको आन्तरिक श्रोतका साथ साथै स्थानीय निकाय तथा सांसद विकासकोषको सहयोग लिई मूर्तरुप दिइने छ ।

**मानव संसाधन योजना**

यस संगाठनात्मक वातावरणको गतिशीलतालाई ध्यान दिदै हाल क्याम्पसमा भएको मानवीय साधन श्रोतलाई अझबढी लाभप्रद वनाउदै आवश्यक दरवन्दी समायोजन तथा सृजना गरी क्याम्पसको गुणस्तरीयता र ख्याति बृद्धि गराउन आवश्यक योजना अभि सारिने छ । यसका लागि M. Phil, तथा Ph.D अध्ययनका लागि क्याम्पसमा कार्यरत शिक्षकहरुलाई पठाउने तथा अव उप्रान्त भर्ना गर्दा Mphil, Ph.D को दरवन्दी खोली भर्ना गर्ने नितीगत अवधानरणा अगाडि ल्याइने छ । जसका लागि निम्न योजनाहरु अघि सार्ने प्रयास हुनेछ ।

१. **प्राप्ति** (Acquisition)

मानव संसाधन संगठनको एकमात्र दीर्घकालीन बहुमुल्य सम्पति हो भन्ने मुल मर्मलाई बुझ्दै सोको व्यवस्थित उपलव्धताका लागि आउदो १० बर्षको मानवीय संसाधन आवश्यकता क्रमैसंग निर्धारण गरिने छ । जस अर्न्तगत यस शैक्षिक शत्रमा व्यवस्थापनका १, शिक्षा संकायमा १, अंग्रेजी तर्फ १ र जम्मा ३ जनाको दरवन्दी सिर्जनागर्ने योजना रहेको छ । आवश्यक थप मानव संसाधन सम्बन्धी कार्यक्रमहरुको आवश्यकता अनुरुप सिर्जना एवम् थप घट गर्दै लैजाने योजना छ । जसका लागि आवश्यक भर्ना तथा छनौट प्रकृया पुरा गर्न स्थानीय तथा राष्ट्रिय पत्र पत्रिकामा सूचना प्रकाशित गरी लिखित, मौखिक र कक्षा अवलोकन आदि प्रक्रियाहरु अवलम्वन गर्दै आववश्यक जनशक्तिको पदपूर्ति गरिने छ । प्राज्ञिक क्षेत्रमा क्याम्पसको पठन पाठन बारे जानकारी एवं सामाजिकीकरण कार्यका लागि र अन्य कर्मचारीतर्फ क्याम्पसको प्रशासनिक विषयवस्तु सम्वन्धी जानकारी प्रदान गर्नका लागि १ दिने अभिमुखीकरण तालिम संचालन गरि कार्यभार सुम्पिने छ ।

२. **विकाश** (Development)

परिवर्तित समयअनुसार, संगठनलाई चलायमान राख्न यस क्याम्पसको पद वहालमा रहेका प्राज्ञिक तथा प्रशासनिक क्षेत्रका नयां व्यक्तिहरुका लागि यसै क्याम्पसमा भएका अनुभवी प्राध्यापक तथा कर्मचारीहरुको सहयोगमा केही दिनको दक्षता अभिवृद्धि तालिम संचालन गरिने छ। साथै अन्य कर्मचारीहरुलाई समय सापेक्ष प्राविधिक ज्ञानका लागि पुनर्ताजगी तालिम दिइने छ । सो कार्यका लागि क्याम्पस वा वाह्य क्षेत्रमा पढाई पनि हुनेछ ।

३. **उत्प्रेरणा** (Motivation)

क.ब.क्याम्पसले अफ्ना मानवीय संसाधनको उपयोगलाई प्रभावकारी तथा सीपयुक्त वनाउन विभिन्न सिसिमका प्रोत्साहन मूलक कार्यक्रमहरुलाई समेत अगाडि सारेको छ ।

प्राज्ञिक तथा प्रशासनिक क्षेत्रमा संलग्न व्यक्तिहरुको कार्य सम्पादन मुल्यांकन समय सापेक्ष गर्दै स्थायी, बढुवा, ग्रेड थप, सचेतना एवं समयानुकुल त्रि.वि.ले निर्देशन गरे बमोजिमको पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलव्ध गराउनुका साथसाथै क्याम्पसको आर्थिक सुविधाहरु पनि उपलव्ध गराइनेछ । जसवाट संलग्न पक्षहमरुको मनोवल उच्च हुने अपेक्षा गरिन्छ । साथै प्राज्ञिक वृत्ति विकासका लागि स्थायी व्यक्तिहरुलाई छनौट गर्दै M.Phi / Ph.d तर्फ उन्मुख गर्ने कार्यक्रम पनि राखिएको छ । यसका साथ साथै क्याम्पसमा कार्यरत व्यक्तिहरुको समयावधीलाई ध्यानमा राखी अनिवार्य अवकाश स्वेच्छिक अवकाश तथा Golden Handshake & Programme जस्ता कार्यक्रमहरु अगाडि ल्याइएको छ ।

४. **सम्भार** (Maintinance)

यस क्याम्पससंग आवद्ध मानव संसाधनले क्याम्पसमै भरपुर अवसरहरु प्राप्त गर्न सकुन भन्ने अभिप्रायका साथ स्वास्थ्य तथा दुर्घटना बिमा, उपदान, वाल वालिको निशुल्क शिक्षा, आवास औषधी उपचार व्यवस्था गराउदै लैजाने र क्याम्पसमा संलग्न रहेका अत्यन्त प्रभावशाली विद्वतवर्गबाट समाजमा सकारात्मक सन्देश प्रभावका लागि समय समयमा रेडियो, टेलिभिजन, पत्र पत्रिका वार्ता तथा विभिनन जनसरोकारका विषयहरुमा चर्चा परिचर्चा एवं सोधकार्यको भरपुर अवसर प्रदान गरिने छ ।

## यातायात तथा परिवहन सुविधा

क्याम्पसमा अध्ययन गर्न आउने बिद्यार्थीहरुको कठिनाईलाई ध्यानमा राख्दै यस क्याम्पसले शैक्षिक सत्र २०७६।०७७ सम्म १ वटा बिद्यार्थी वाहन व्यवस्था गर्ने सोच बनाइएको छ जसले गर्दा दूर दराजमा बस्ने बिद्यार्थीहरुको क्याम्पसमा पहुँच बढ्ने अपेक्षा गरिन्छ ।

## छात्रावास

क.ब. क्याम्पसमा जीर्ण अवस्थामा रहेको यस छात्रावासलाई पुन निर्माण गरी नयाँ संरचना दिइने छ । जसमा १०० जना विद्यार्थी वस्न मिल्ने व्यवस्था हुनेछ । ती बिद्यार्थीहरुको रेखदेख व्यबस्थापनका लागि एकजना Sport Expert मानिएको warden राखिने छ । जसले क्याम्पस समय देखि वाहेकको विषयको १ घण्टा र वेलुकामा योग तथा व्याम कार्यक्रम अनिवार्य रुपमा संचालनमा ल्याउने छ । छात्रावासमा रहने बिद्यार्थीका लागि अनिवार्य स–शुल्क Cafeteria को व्यबस्था हुनेछ ।

## शैक्षिक एवं प्रशासनिक गुणस्तर अभिबृद्धि कार्यक्रमका

विगतका वर्षहरु देखि नै क्याम्पसले शैक्षिक एवं प्रशासनिक गुण स्तर अभिवृद्धि कार्यक्रमका लागि क्याम्पसले प्रत्येक विभागमा महिनाको पहिलो दिन Academic Schedule Plan सम्बन्धी

वैंठक वस्ने छ । जसमा सम्बन्धित विषयका प्राध्यापकहरुले विभागीय प्रमुखलाई आफ्नो १ महिनाको अध्यापन कार्यमा भएका सकारात्मक र नकारात्मक दुवै अनुभवहरु साटा साट गर्नु हुनेछ । जसबाट आगामी महिनाका लागि विभागीय प्रमुखहरुले Academic Tentative Plan तयार, Perfarmance Guidence, Monitring आदि गर्दै शैक्षिक गुणस्तरमा Radical Jump Process अपनाईने छ । सो वाट विद्यार्थीमा सम्वन्धित विषयमा दक्षतागत ज्ञानतको अभिबृद्धि हुनेछ ।

विभाग आफैले Assignment र Case Study गर्न लगाउने र Case Study को Presentation समेत गराई Applied Knowledge Achieve गर्ने गराउने । विभागले समय समयमा कुनै शीर्षकमा गोलमेच छलफल गरि विद्यार्थीको व्यक्तित्व विकासमा सहयोग पुऱ्याउदै समस्या समाधानको सीप अभिबृद्धि गर्ने ।

क्याम्पसले गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक पर्ने आधुनिक यन्त्र, उपकरण सुविधाहरु प्रत्येक विभागमा उपलव्ध गराउने छ । त्यसल गर्दा विद्यार्थी र शिक्षक दुवैले आधुनिक प्रविधिको लाभ लिन सकुन ।

क्याम्पसले एक शैक्षिक शत्रमा २–३ पटक आन्तरिक परीक्षा संचालन गरी सो को उपलव्धि कस्ता रह्यो भन्ने बारे अभि भावक । बिद्यार्थीसंग संगै वसी सुधारात्मक तथा प्रोत्साहनात्मक छलफल गर्नेछ ।

शैक्षिक एवम् प्रशासनिक गुणस्तर अभिवृद्धि तथा समय समपेक्ष प्रशासनिक दक्षता अभिवृद्धि गर्दै यस क्याम्पसलाई सवल एवम् सक्षम वनाउन आगामी दिनमा निम्न प्रकारका समिति तथा विभागहरु गठन गर्ने संचलन समितिकको निर्णय एवम् निर्देशन अनुसार आगामी दिनमा देहाय वमोजिमका समिति तथा उपसमितिहरु वनाउने योजना अघि सारिएको छ ।

क्याम्पसले यस संस्थामा संलग्न सबै विद्यार्थीहरु क्षमतावान तथा वर्तमान बजार को आवश्यकतालाई पुरा गर्ने जनशक्ति उत्पादन गर्ने अभिप्रायले क्याम्पसमा Apprentices, व्यबहारिक प्रयोगात्मक ज्ञान लगायतका सीप अभित्रृद्धि गर्नका लागि नियमित हाजिरी, सहभागिता तथा अध्ययन कार्यका संलग्नता गराउदै पूर्णकालिन विद्यार्थीका रुपमा लैजाने व्यबस्था मिलइनेछ । जो विद्यार्थी ८० प्रतिशत भन्दा बढी क्याम्पसमा समय दिदैनन् सो लाई सचेत गराउदै उपस्थितिलाई बढाउने प्रयत्न गरिने छ । यति हुदा हुदै पनि ८० प्रतिसत भन्दा कम उपस्थिती भएका बिद्यार्थीहरुलाई क्याम्पसका बार्षिक परीक्षामा समावेश नगराउने नीति अगाडि सारिने छ ।

क्याम्पसमा अध्ययन गर्न आउने सबै बिद्यार्थीको क्ययम्पसले तोके अनुसारको पोशाकमा आउनुका साथै खेलकूद तथा योगा कार्यक्रमका लागि निर्धारित समयमा सोही अनुरुपको पोशाक आफै लिई आउनु पर्ने व्यबस्था मिलाइनेछ ।

क्याम्पसले जेहेन्दार, गरिव, विभिन्न कारणले पछि परेका समुह र केही गर्न चाहने जिज्ञासु बिद्यार्थीहरुका लागि आवश्यकता अनुरुप पुर्ण तथा आंशिक रुपमा आर्थिक लाभ र छात्रबृत्ति

प्रदान गर्नेछ ।

जो बिद्यार्थी आफ्नो व्याचमा राम्रो उत्त्कृष्ट नतिजा प्राप्त गर्दछन् उनीहरुका लागि पनि क्याम्पसले पुरस्कार तथा छात्रबृत्तिको व्यबस्था मिलाउने छ ।

क्याम्पसले वर्तमान बजार भाडा प्रविधि आदिलाई हेरि नयाँ नयाँ विधाहरुमा पनि कक्षा संचालन गर्ने योजना अगाडि सारेको छ ।

## आर्थिक योजना

यस क्याम्पसको आर्थिक अवस्थालाई सुदृढ गर्दै भोलिका दिनहरुमा क्याम्पसलाई उच्च शिक्षाको क्षेत्रमा अनुपम धरोहर वनाउनका लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक पक्षको व्यवस्थापन गर्ने गरी विभिन्न प्रकारका आर्थिक सुधार कार्यक्रम अगाडि ल्याइएको छ । यस प्रकार गरिने योजना रहेको छ । समय सापेक्ष क्याम्पसका विद्यार्थीबाट लिने विभिन्न प्रकारका शुल्कहरुलाई विवेक सम्मत ढंगवाट परिमार्जित गर्दै लगिने छ भने स्थानीय स्तरका सरकारी तथा गैर सर कारी श्रोतका विभिन्न संघ संस्थाहरुको सहयोग प्राप्त गर्ने ठोस कदमहरु चालिने छ । यस क्याम्पसको दिगो् विकाश र जीवन्तताका लागि यहाँका व्यवसायिक, समाजसेवी, धनाढ्य वर्ग आदि सवैलाई प्रोत्साहन गर्दै छात्रबृत्ति, भवन, पुरस्कार तथा यस्तै विविधि कार्यक्रमका लागि र कम संकलन गरिने व्यबस्था गरिएको छ । जसमा मुख्यतयः प्राचीन कपिलबस्तु शैक्षिक धार्मिक महोत्सव, क्याम्पस परिसर भित्रको वन पैदावार व्यवस्थापन, विभिन्न व्यक्तित्वको मुद्दति कोष योजना, नयां शैक्षिक कार्यक्रमको योजना आदि प्रमुख रहेका छन् । यसका अतिरिक्त प्रादेशिक तथा केन्द्रीय सरकारका विभिन्न कार्यक्रम पनि सञ्चालनमा ल्याई आर्थिक उपार्जन गर्ने लक्ष्य अगाडि वढाइएको छ ।

# विवरण

## बर्तमान संचालक समितिका पदाधिकारीहरुको नामावली विवरण

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री रामदास गुप्त | अध्यक्ष |
| २ | श्री सुरेश प्रसाद शर्मा | सदस्य |
| ३. | श्री बाबुराम खनाल | सदस्य |
| ४. | श्री कैलाश प्रसाद अग्रहरी | सदस्य |
| ५. | श्री देवराज पाण्डेय | सदस्य |
| ६. | श्री सुनिता देवी शुक्ला | सदस्य |
| ७. | श्री इन्दिरा देवकोटा (पौडेल) | सदस्य |
| ८. | श्री माया घिमिरे | सदस्य |
| ९. | श्री मधुसुदन शरण चौधरी | मनोनित सदस्य |
| १०. | श्री गंगेश कुमार वर्मा | मनोनित सदस्य |
| ११. | श्री फजर्लुरहमान खान | मनोनित सदस्य |
| १२ | प्र.जि.अ.<br>(जिल्ला प्रशासन कार्यालय कपिलवस्तु) | पदेन सदस्य |
| १३. | अध्यक्ष, जिल्ला समन्वय समिति कपिलवस्तु | पदेन सदस्य |
| १४. | नगर प्रमुख, कपिलवस्तु नगरपालिका, क.व. | पदेन सदस्य |
| १५. | अध्यक्ष, उद्योग बाणिज्य संघ, क.ब.तौलिहवा | पदेन सदस्य |
| १६. | त्रि.वि. प्रतिनिधी | पदेन सदस्य |
| १७. | प्राध्यापक प्रतिनिधी | पदेन सदस्य |
| १८. | नि. वर्तमान क्याम्पस प्रमुख, क.व. क्याम्पस | पदेन सदस्य |
| १९. | श्री डा. विनय पाण्डेय, क्याम्पस प्रमुख | सदस्य सचिव |

## कार्यरत प्राध्यापक विवरण : (पूर्णाकालिन)

| क्र.सं. | पद | नाम थर | योग्यता |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख | डा. विनय पाण्डेय | PhD., M.B.A. |
| २. | सह. प्राध्यापक | श्री नवराज तिवारी | M.B.A. |
| ३. | सह. प्राध्यापक | श्री विष्णुदेव यादव | M.B.A. |
| ४. | उप-प्राध्यापक | श्री भक्तिराम पंथी | M.A., M.ed. |
| ५. | सहायक प्राध्यापक | श्री विष्णु ब. सिंह रायमाझी | M.Sc. |
| ६. | सहायक प्राध्यापक | श्री रामु प्रसाद चौधरी | M.Sc. |
| ७. | सहायक प्राध्यापक | श्री जीवनाथ मरासिनी | M.A., B.Ed., L.LB. |
| ८. | सहायक प्राध्यापक | श्री गिरी प्रसाद पोखेल | M.A., B.Ed. |
| ९. | सहायक प्राध्यापक | श्री यम प्रसाद पन्थी | M.Ed. |
| १०. | सहायक प्राध्यापक | श्री महबूब आलम | M.Sc. |
| ११. | सहायक प्राध्यापक | श्री रमेश घिमिरे | M.B.S. |
| १२. | सहायक प्राध्यापक | श्री टीका राम ज्ञवाली | M.Ed. |
| १३. | सहायक प्राध्यापक | श्री त्रिभुवन कुर्मी | M.B.S. |
| १४. | सहायक प्राध्यापक | श्री होतराज खनाल | M.Ed. |
| १५. | सहायक प्राध्यापक | श्री तुल्सी खनाल | M.Ed. |
| १६. | सहायक प्राध्यापक | श्री रजनीश कुमार पाण्डेय | M.Sc., B.Ed. |
| १७. | सहायक प्राध्यापक | श्री नरेश खनाल | M.A.Eco. |
| १८. | सहायक प्राध्यापक | मो. असलम मिया | M.Sc. |

## आंशिक प्राध्यापकहरू

| | | |
|---|---|---|
| १. | श्री रामदीन थारु | M.Ed. |
| २. | श्री राधेश्याम मिश्र | M.A. |
| ३. | श्री शितल प्रसाद मिश्रा | M.B.S. |
| ४. | श्री सीता अर्याल | M.Ed. |
| ५. | श्री प्रकाश यादव | M.Ed. |
| ६. | श्री मणि प्रसाद गैरे | M.Ed. |
| ७. | तारा पौडेल | M.Ed. |

| | | |
|---|---|---|
| ८. | श्री दीपा पौडेल | M.Ed. |
| ९. | श्री श्याम प्रकाश धवल | M.Ed. |
| १०. | श्री रमेश गुप्ता | M.B.S. |
| ११. | श्री विरेन्द्र पाण्डेय | M.Ed. |
| १२. | श्री विकाश कुमार बन्जाडे | M.Ed. |
| १३. | श्री प्रदीप ओझा | M.A. |
| १४. | श्री दामोदर पराजुली | M.A. |
| १५. | श्री कमलराज पन्थी | M.B.S. |
| १६. | किरण कुमार देवकोटा | M.Ed. |
| १७. | भागिरथ काफ्ले | M.Ed. |

**कर्मचारीहरूको नामावली :**

| क्र.सं. | पद | नाम थर | योग्यता |
|---|---|---|---|
| १. | सहायक प्रशासक | श्री चन्द्रकान्त शर्मा | B.A. |
| २. | हेड असिसटेन्ट | श्री जानका शर्मा | B.A. |
| ३. | क. अप्रेटर | श्री अजय कुमार चौबे | M.Com |
| ४. | स.ले.प. | श्री गोले अली धुनिया | |
| ५. | पुस्तकालय स. | श्री सुनिल कुमार अग्रहरी | B.A. |
| ६. | का.स. | श्री त्रिभुवन कुर्मी | |
| ७. | का.स. | श्री खेदु केवट | |
| ८. | का.स. | श्री अर्जुन बरई | |
| ९. | का.स. | श्री तारा घिमिरे | |
| १०. | का.स. | श्री शंकर रैदास | |
| ११. | का.स. | श्री कमलावती लोध | |
| १२. | कुचिकार | श्री दिलिप डफाली | |
| १३. | माली | राम बहादुर लोध | |
| १४. | चौकीदार | वासुदेव यादव | |
| १५. | चौकीदार | राम प्रसाद पासी | |

# कपिलवस्तु बहुमुखी क्याम्पस
## प्राध्यापक संघ
### इकाई समिति, तौलिहवा, कपिलवस्तु

| पद | प्राध्यापक | सम्पर्क नं. |
|---|---|---|
| अध्यक्ष | श्री विष्णु ब. सिंह रायमाझी | ९८४७३६४५९१ |
| उपाध्यक्ष | श्री महबूब आलम | ९८०३९८३४१० |
| सचिव | श्री रजनीश पाण्डेय | ९८५७०५०४७९ |
| सह-सचिव | श्री नरेश खनाल | ९८४७२७८७५६ |
| कोषाध्यक्ष | श्री होतराज खनाल | ९८४१४३६९१८ |
| सदस्य | श्री राधेश्याम मिश्रा | ९८१४४१८७८७ |
| सदस्य | श्री मणी प्रसाद गैरे | ९८५७०५०६९४ |
| सदस्य | श्री रामदीन थारु | ९८१७५४५३२२ |
| सदस्य | श्री श्याम प्रकाश धवल | ९८६७१४९८८२ |
| सदस्य | श्री रमेश गुप्ता | ९८६७४४०१०२ |
| सदस्य | श्रीमती सीता अर्याल | ९८४७०६१६५२ |

# KAPILVASTU MULTIPLE CAMPUS

## WORKING COMMITIES

## Examination and Evaluation Unit

**Co-ordinator :** Rajneesh Kumar Pandey
**Contact No.:** 9857050479

### Members

Bishnu Bdr. Singh Raymajhi
Ramu Prasad Chaudhary
Yam Prasad Panthi
Ramesh Ghimire
Janka Sharma
Ajay Kumar Chaube
Sunil Kumar Agrahari

---

## Extensive Activities and Outreach Student Welfare Unit

**Co-ordinator :** Tikaram Gyawali
**Contact No.:** 9857058556

### Members

Rajneesh Kumar Pandey
Mahboob Alam
Tribhuvan Kurmi
Naresh Khanal

## Health and Environment Unit

**Co-ordinator :** Tulshi Khanal

**Contact No.:** 9855065829

## Members

Ramu Prasad Chaudhary

Mahboob Alam

Aslam Khan

Janka Sharma

---

## Internal Quality Assurance Cell

**Co-ordinator :** Giri Prasad Pokhrel

**Contact No.:** 9847040662

## Members

Ramu Prasad Chaudhary

Bishnu Bdr. Singh Raymajhi

Ramesh Ghimire

Yam Prasad Panthi

---

## Employment & Placement Cell

**Co-ordinator :** Hotraj Khanal

**Contact No.:** 9841436918

## Members

Tribhuvan Kurmi

Rajneesh Kumar Pandey

Tulshi Khanal

## Public Information and EMIS Unit

**Co-ordinator :** Jiwnath Marasini
**Contact No.:** 9857055880

## Members

Tulshi Khanal
Chandrakant Sharma
Ajay Kumar Chaube

---

## Publications and Dissemination Unit

**Co-ordinator :** Bhaktiram Panthi
**Contact No.:** 9847432899

## Members

Bishnu Bdr. Singh Raymajhi
Ramesh Ghimire
Yam Prasad Panthi
Jiwnath Marasini
Tribhuvan Kurmi
Rajneesh Kumar Pandey
Tikaram Gyawali
Naresh Khanal

## Research Management Cell

**Co-ordinator :** Nawaraj Tiwari
**Contact No.:** 9847020006

## Members

Dr. Vinay Pandey
Tikaram Gyawali
Hotraj Khanal

---

## Financial Management and Procurement Unit

**Co-ordinator :** Suresh Prasad Sharma
**Contact No.:** 9847062915

## Members

Babauram Khanal
Indira Paudel Devkota
Devraj Pandey
Dr. Vinay Pandey

---

## Library Management Cell

**Co-ordinator :** Janaka Sharma
**Contact No.:** 9847062916

## Members

Ramesh Ghimire
Bishnu Bdr. Singh Rayamajhi
Yam Prasad Panthi


कपिलवस्तु बहुमुखी क्याम्पस






कपिलवस्तु बहुमुखी क्याम्पस
कपिलवस्तु नगरपालिका–३, तौलिहवा
बार्षिक खेल सप्ताह २०७५ को पुरस्कार
नतिजा प्रकाशन तथा विदाई कार्यक्रम
चैत्र ०५ गते
तौलिहवा, कपिलवस्तु
फोन नं.- ०७६-५६०१८१


कपिलवस्तु बहुमुखी क्याम्पस
LUMNI ASSOCIATION
Cum
Greetings Programme-2074
Date:
09/01/2074
Organized by:
Kapilvastu Multiple Campus
Taulihawa


Sun 16/09/2018


गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता
कपिलवस्तु बहुमुखी क्याम्पस
तौलिहवा, कपिलवस्तु
३८औं स्थापना दिवस कार्यक्रम






प्रदेश नं ५ सरकारको आर्थिक सहयोगमा निर्मित
आई. सि. टि. ल्याबको शुभारम्भ
एवम् विज्ञान प्रदर्शनी
मिति : २०७६/०८/२३ गते
GUEST OF HONOUR
GUEST OF HONOUR
CHIEF GUEST
CHAIRPERSON
GUEST OF HONOUR







अभिलाम मुखपत्र-२०७७ कपिलवस्तु बहुमुखी क्याम्पस